# सगार



४

# सगर

## उत्कृष्ट साहित्यिक त्रैमासिक

संरक्षक: वीरहर्ष शाक्य

२०५३ माघ - फागुन - चैत्र

वर्ष- १ अङ्क- ४

सम्पादक :
धर्मेन्द्र भट्टराई
शान्त बस्नेत

अतिथि सम्पादक :
घनश्याम "परिश्रमी"

व्यवस्थापक :
क्याप्टेनः जनकबहादुर राणा

प्रकाशक :
सगर प्रकाशन समूह
वीरगंज, पर्सा फोन २-३१४०

पत्राचारको लागि :
सगर प्रकाशन समूह
प्रतीक प्रकाशन प्रा.लि.
श्रीपुर, वीरगंज- १४

कम्प्यूटर डिजाइन :
श्याम मानन्धर

मूल्य रू. १०/-

## यस अंकमा

*कविता / मुक्तक / गीत / गजलतर्फ*
केदारमान व्यथित / १
भैरवनाथ रिमाल 'कदम' / ६
भीम विराग / ७
कृष्ण क्षेत्री / ११
सुदीपभद्र खनाल / १२
विकास खतिवडा 'दीप' / १३
कविराज पोखरेल / १६
भावेश भुमरी / २३
हरिकृष्ण काफ्ले / २४
सुभाषचन्द्र पौड्याल / २९
श्रेष्ठ प्रिया 'पत्थर' / २९
रमेश श्रेष्ठ / ४५

*कथा / लघुकथातर्फ*
यादव प्रसाई / २
खड्कराज गिरी / ३०
दीपक 'कथित' / ४४

*समालोचनातर्फ*
डा. केशवप्रसाद उपाध्याय / ८
कपिलमणि शर्मा / ३३

*निवन्ध / संस्मरणतर्फ*
रमेश गोर्खाली / १७
जय छाङ्छा / २५

*एकाङ्कीतर्फ*
देवी क्षेत्री दुलाल / २०

*विविधतर्फ*
कार्यक्रम वृत्त / ३१, इतिहास / ३८,
पाठककोण / १४, सम्पादकबाट / ४६

# साहित्यिक पत्रकारिता जगतका लागि खुशीको विषय

नेपालको पत्रकारिताको इतिहासलाई कोट्याउँदा साहित्यिक पत्रकारिताको महत्त्वपूर्ण स्थान छ । समाचार पत्रकारिताभन्दा साहित्यिक पत्रकारिता जेठो हो भन्ने कुराको प्रमाणका रूपमा विक्रमाब्द १९५५ मा पं. नरदेव मोतीकृष्ण शर्माद्वारा प्रकाशित 'सुधासागर' लाई लिन सकिन्छ । यसबाट के स्पष्ट हुन्छ भने नेपाली पत्रकारिताको थालनी मूलत: साहित्यिक पत्रकारिताकै माध्यमबाट भएको हो ।

यद्यपि नेपालमा साहित्यका माध्यमबाट पत्रकारिताको सूत्रपात भएको हो तापनि यसको स्थिति अद्यावधि दुर्गतिपूर्ण रहेको कटुसत्यलाई नकार्न सकिँदैन । साहित्यिक पत्रिका प्रकाशनको शुरूवात गर्नु भनेको एउटा जटिल र संघर्षपूर्ण कार्यमा हात हाल्नु हो भन्ने भनाइ छ । यस्तो जटिलतासँगको संघर्षमा पराजित भएर कतिपय सम्पादकहरूले पत्रिका नियमित रूपमा निकाल्न नसकेका प्रशस्त उदाहरण हाम्रा अगाडि छँदैछन् । अझ भन्ने हो भने मोफसलबाट साहित्यिक पत्रिका निकाल्न खोज्नु त साँच्चिकै संकटपूर्ण कार्यमा होमिनु जस्तै हो । वस्तुत: यस्तै समस्या र जटिलताहरूकै कारणले हाम्रो साहित्यिक पत्रकारिता दुर्गतिपूर्ण हुन पुगेको हो ।

अहिले आएर साहित्यिक पत्रकारिता जगतमा पनि आशाका बीजहरू अंकुरित हुने वातावरण देखापर्न थालेको छ । विशेषत: प्रेस काउन्सिल नेपाल अन्तर्गत साहित्यिक पत्रकारिता विकास उप-समितिको गठन हुनु र यस्तो सकारात्मक क्रियाकलापहरू देखिनुले साहित्यिक पत्रकारहरूलाई हौसला र प्रेरणा समेत मिलेको छ । साहित्यिक जगत आजसम्म मन्त्रालयहीन भई वेवारिस अवस्थामा थियो भने अब उपरान्त यसलाई संचार मन्त्रालय अन्तर्गत समाहित गरिने कुरा संचार मन्त्रीबाट अभिव्यक्त हुनु पनि स्वयंमा एउटा ऐतिहासिक कदम हो । साहित्यिक पत्रकारहरूलाई उनीहरूका पत्रिकाको स्तर र निरन्तरताको आधारमा पुरस्कृत गर्ने परम्पराको थालनी हुनु सम्पूर्ण साहित्यिक जगतका लागि खुशी र गौरव अनुभूतिको विषय हो । यस्तो परम्पराले नैरन्तर्य पाओस् भन्ने हामी चाहन्छौं ।

कविता

# आधारभूत परिवर्तनः त्यसको कारण



✍ केदारमान व्यथित

आफ्नो आनीबानीमा
आफ्ना सोचाइ र भोगाइहरूमा
आधारभूत रूपमै परिवर्तन भएझैं
मलाई लागिरहेको छ !

विश्वमा त्यस्तो कुनै देश छैन
जहाँ पुग्दा मलाई
आफ्नै देश झैं नलागेको ।
संसारमा त्यस्तो कुनै व्यक्ति छैन
जोसँग भेट हुँदा
आफ्नै सहोदर झैं नलागेको ।

कहीं आजकल
विश्व मभित्र पसेझैं
म पनि विश्वभरि
फैलिदै गइरहेको त छैन ?

कवि कुटीर, ज्याठा टोल
काठमाडौं ।

कथा

# सम्बन्ध



✍ यादव प्रसाईं

आजभन्दा चार पाँच वर्ष पहिलेको कुरा हो । हामी अर्थात् म र दिदी श्रीपुरको एउटा घरमा डेरा गरी बस्थ्यौं । त्यस घरमा अरू पनि थिए भाडामा बस्नेहरू । हामी बसेको सामुन्ने पारिपट्टि एउटा सानो झुप्रे घर थियो एक मगर परिवारको । त्यस घरको बूढो आफ्नो उमेरभन्दा अगाडि नै बूढो भएजस्तो देखिन्थ्यो । मेरा छिमेकी कोठाका केटाहरू बेलाबेलामा जाने गर्दथे त्यस झुप्रोमा । म जहिले पनि क्याम्पसबाट कोठामा फर्कंदा त्यस बूढालाई घरअगाडिको बिजुलीको खम्बामुनि बसेको देख्दथें र लाग्दथ्यो त्यो बूढो मान्छे आफ्नो दायित्वभन्दा कोसौं टाढा छ । ऊ जहिले पनि रक्सीको नशामा झुमेको हुन्थ्यो र चुरोटको सर्को तान्दै भुस्याहा कुकुरले भुकेजस्तै खोक्दथ्यो ।

अब म बसेको घरमा सबैसँग सामान्य परिचय भैसकेको छ मेरो । वल्लो पल्लो कोठाका केटाहरू बेलाबेलामा आउने गर्छन् मेरो कोठामा । एकदिन म क्यापसबाट अलि अबेर फर्केको थिएँ कोठामा । दिनभरिको थकाइले जिउ अलि भारी भएर आयो । कपडा फेरेर म पलङ्गमा पल्टिएर पत्रिका हेर्दै थिएँ, पल्लो कोठाको केटा आएर छेउको कुर्सीमा बस्तै भन्यो "आज निकै थाक्नु भएजस्तो छ नि ।" उत्तरमा मात्र मुस्कुराएँ म । साँझ पर्नै लागेको थियो । ऊ उठेर म जान्छु भन्यो र ढोकाको छेउमा पुग्यो अनि मपट्टि हेरेर मुस्कुरायो । म उसको अनुहारमा हेरिरहेको थिएँ । उसले केही अकमकाउँदै भन्यो "तपाईं पनि जानुहुन्छ आज हामीसँग ?" ऊ उत्तरको प्रतीक्षामा ढोकामा उभियो ।
मैले भनें "कहाँ जाने र यति खेर ?"
ऊ फेरि मुस्कुरायो र भन्यो "जाऊँ न हामी लिएर जान्छौं ।"

त्यसपछि म उसको पछि लागें । उनीहरू तीनजना थिए, म समेत चार जना । उनीहरू मलाई लिएर त्यही पारिपट्टिको झुप्रे घरमा पसे । त्यो घरवाला बूढो अगिदेखि नै त्यही झुप्रोअगाडिको बिजुलीको खम्बामुनि बसिरहेको थियो । हामी त्यो घरमा पस्ने बित्तिकै एउटी केटीले प्रश्नसूचक दृष्टिले मपट्टि हेरी । अरू त त्यस झुप्रोको लागि परिचित नै थिए । म भने पहिलो पटक पसेको थिएँ त्यस झुप्रोमा । ती केटाहरूले मपट्टि देखाउँदै भने "आज हामीसँग नयाँ साथी आउनु भा छ, राम्रो चिज ल्याऊ हाकिमहरूले खाने ।"

त्यसपछि म अलि सशंकित भएँ । उनीहरूले मपट्टि एकोहोरो हेरिरहेका थिए ।

एउटी चालीस बयालीस वर्षकी आइमाईले केही बोतलहरू ल्याएर उनीहरूको अगाडि राखिदिई । ती केटाहरूले गिलासमा खन्याउँदै मलाई पिउन आग्रह गरे । मैले इन्कार गर्दै भने "हेर्नोस् मैले कहिल्यै पनि पिउने गरेको छैनँ, यसमा मलाई कर नगर्नुहोस् ।"

त्यसपछि उनीहरूले मुस्कुराउँदै भने "त्यसो भए यसमा माइन्ड नगर्नुहोला है ! हामी त यसमा बानी परिसकेका छौं ।"

मैले पनि स्मित मुद्रामा भने "के को माइन्ड गर्नु यसमा, यो सबै आ-आफ्नो सौखको कुरा हो । आ-आफ्नो रूचि अनुसारको खान पिउन सबैलाई स्वतन्त्रता छ बरू मलाई चाहिं माफ गर्नुहोला, तपाईंहरूसँग सामेल हुन नसकेकोमा ।"

मेरो कुराले तिनीहरूको चित्त बुझेछ क्यारे, तीनै जनाले ठूलो हाँसो हाँसेर पिउन थाले । म चाहिं त्यही आइमाईसँग गफ गर्न थालें, जसले ती बोतलहरू ल्याइदिएकी थिई । उसले भनी -"बाबू यो रक्सी पार्ने हाम्रो पुर्ख्यौली पेशा हो । अहिले त यही हाम्रो जीवन धान्ने बाटो बनेको छ । हाम्रो आयस्रोत पनि त यही र मैले एउटा नर्सिङ होममा सेवा गरेवापत पाउने केही रकम मात्र हो । श्रीमान् केही काम पनि गर्न सक्नुहुन्न । केही दिन अगाडि डाक्टरलाई देखाएकी थिएँ..... ।"

उसको कुरा सुनेर केही उत्सुक हुँदै सोधें "के भन्यो त डाक्टरले ?"

उसले मलिन अनुहार लगाएर भनी -"फोक्सोमा प्वालै प्वाल परेको छ रे ! बेसी चुरोट र रक्सीको अम्बलले गर्दा कुनै पनि बेला ढल्न सक्छ उसको जीर्ण शरीर ।"

म गफ गर्दै थिएँ, उता उनीहरू चर्को स्वरमा अरू बोतलहरूको माग गर्दै थिए । एउटी केटी उनीहरूको माग अनुसारका चिज दिँदै थिई । घाम अस्ताइसकेको थियो । बिजुलीको उज्यालोले घाम डुबेको केही पत्तो थिएन कसैलाई । त्यो आइमाई अझै गफ गर्दै थिई म सँग । उसले भनी - बाबु, रक्सी पारे पनि भट्टी भने होइन हाम्रो घर । यहाँ कसैलाई पनि यहीं बसेर पिउन दिने गरेको छैन । हामीलाई विभिन्न ठाउँबाट अर्डर आउँछ त्यही अनुसार हामी पुऱ्याइदिने गर्छौं । मैले ती केटाहरूतिर देखाउँदै भनें -"यिनीहरू नि !"

उसले अलि गम्भीर भएर भनी "हेर्नोस् बाबु, आफूसँग जुन चिज छैन त्यसको महत्त्व ज्यादा हुँदोरहेछ । मेरा छोराहरू छैनन् त्यसैले उनीहरूलाई छोरा मानेकी छु । बेला-बेलामा आउँछन्, पिउँछन् र रमाइलो गर्छन् । छोरीहरू पनि खुशी छन् यसमा । चेलीबेटीको लागि दाजुभाइको कति महत्त्व हुन्छ तीज र तिहारमा, त्यो त तपाईंहरू कल्पनासम्म पनि गर्न सक्नुहुन्न होला ।"

मैले उसको कुरा सुनिरहें । त्यहींको एउटा खाटमा हामी बसेका थियौं । पर कुनामा एउटी केटी बसेकी थिई जुन हामी यहाँ आएदेखि नै त्यहीं छ । त्यस आइमाईले त्यस केटीलाई देखाउँदै भनी -"बाबु, त्यो मेरी माइली छोरी हो मेरा जम्मा चार वटी छोरीहरू छन् । छोरा छैनन् भनेर त मैले अगि नै भनिसकें । जेठी छोरी मावल गएकी छ । अरु दुइटी कतै खेल्न गएका होलान् ।" त्यसपछि मैले उसकी छोरीपट्टि हेरें । उसको उमेर यस्तै अठार उन्नाइसको होला । तर व्यवहारमा चाहिं अझै बचपनको स्वभाव गएको जस्तो

लाग्दैनथ्यो । ती केटाहरूले अब पिइसकेछन् । तिनीहरूमध्ये एउटाले त्यो केटीलाई सम्बोधन गर्दै भन्यो "अनिता बैनी, अब हामी जान्छौं रात निकै परिसक्यो ।" म पनि जानको निम्ति उठें । मैले एकपल्ट ती आमाछोरीको अनुहार हेरें । कम वाटको बिजुली चिमको मधुरो प्रकाशमा तिनीहरूको अनुहारभरि चरम सन्तुष्टिको भाव सल्बलाइरहेको थियो ।

ती केटाहरूको कोठा मेरो भन्दा सामन्नेपट्टि थियो । उनीहरू रक्सीको नशामा जोसिएर गफ गर्दै थिए । उनीहरूको गफ केही बुझिन्थ्यो केही बुझिंदैनथ्यो, त्यही गफको प्रसंगमा एउटाले भन्यो "अनिता साह्रै राम्री छे !"

बैनी भनेकोसम्म त हो नि ! आखिर भट्टीवालकै छोरी न हो, त्यसमा के फरक परिहाल्छ ।" अर्काले कुरो थप्यो ।

"हामी उनीहरूको अगाडि विश्वासिलो पनि त छँदैछौं ।" अर्कोले भन्यो ।

मेरा अगाडि ती आमाछोरीका अनुहार झलक्क देखा परे । त्यस आइमाईले अगि भनेका कुरा मेरो कानमा गुन्जन थाले । उता ती केटाहरू ठूलो स्वरमा हाँसिरहेका छन् । एकातिर विश्वासको धरहरा उभिएको छ, अर्कोतिर त्यसको उपहास । एउटी भट्टी होइन भन्छे, अर्को भट्टीवालकी छोरी ।

भोलिपल्ट दिदी र म दाँतमा ब्रस गर्दै घरको छतमा बसेका थियौं । अनिता आई र हामी बसेको घर कम्पाउण्डको गेट खोलेर भित्र पसी, अनि गेटदेखि नै ती केटाहरूलाई बोलाउँदै कोठाभित्र छिरी । उसको हाउभाउमा साह्रै केटाकेटीपन देखिन्थ्यो । विशुद्ध बालसुलभ उसलाई आफ्नो चढ्दो उमेरको बारेमा मानौं केही थाहा छैन, ऊ अहिले पनि त्यही उमेरमा छे जुन उमेरमा चञ्चलता रहेको हुन्छ । दिदीले अंग्रेजी शब्दको प्रयोग गर्दै भन्नुभयो कस्ती "प्यूराइल" यो केटी हेर्दाखेरि चाहिं तरूनी देखिन्छे । अनिता ठूलो स्वरमा बोल्दै थिई । उसले ती केटाहरूसँग गरेको गफ हामी भएको ठाउँसम्म प्रस्टै सुनिन्थ्यो । उसले भनी "दाइ, भोलि राखी बाँध्ने दिन हो । त्यसैले म तपाईंहरूलाई भोलिको लागि निम्तो गर्न आएकी । भोलि बिहान खाना हाम्रोमा नै खाने गरी आउनुहोला ।" यति भनेर ऊ गई ।

एकथरिको रक्सीमा गाँसिएको नाता अर्कोथरिको आत्मीयतामा कँसिदैछ । राखी बाध्ने चलन तराईवासीसमुदायमा निकै प्रचलित र महत्वपूर्ण मानिन्छ । के यिनीहरूको सोचाइलाई राखीले आफ्नो बन्धनमा आबद्ध गर्न सक्ला ? राखी सम्झने बित्तिकै म मेरी दिदीको अनुहारमा हेर्छु, देख्छु मेरा लागि एउटा सुखद कामना, पाउँछु एउटा मीठो अनुभूति ।

आज राखीको दिन । बिहानदेखि नै टोलमा विशेष हलचल छ । मेरी दिदीले पनि म उठ्नु अगावै पसलबाट मेरा लागि राखी ल्याइसक्नुभएछ । खानाका विभिन्न परिकारहरू तयार पार्दै हुनुहुन्छ । सामुन्नेको कोठामा आज बिहानैदेखि ताला लागिसकेको छ । शायद अनिताकोमा निम्ता मान्न गएका होलान् ।

केही समयपछि अनिताका आमाछोरी आए । अनिता अघिअघि छ आमा

पछिपछि । अनिताको हातमा रातो रूमालले ढाकिएको एउटा थाली छ । लाग्दछ उनीहरू कुनै मन्दिरमा हिंडेका हुन् । उनीहरू आएर मेरो भन्दा सामुन्नेको कोठाअगाडि उभिए जहाँ आज बिहानैदेखि ताला लागेको छ । घरबेटी आएर भने "तपाईंहरूले यहाँ बस्ने केटाहरूलाई खोज्नुभएको ? उनीहरू त आज सबेरै यहाँबाट गए ।"

अनिता आँसु झार्न थाली । उसकी आमा एकोहोरो टोलाइरही । वल्लो-पल्लो कोठाका सबै मानिसहरू बाहिर निस्किए, म पनि निस्किएँ । म निस्कने बित्तिकै अनिताकी आमाले "बाबु, यहाँका केटाहरू आज बिहानै हिंडेछन् हाम्रो बोझले गर्दा होला, अनिताले राखी ल्याएकी थिई, तर उनीहरू गएछन्, अब तपाईं नै यसको दाजु बनिदिनोस् " भनी । मैले सबैको अनुहारमा हेरें, एउटा रमाइलो वातावरणको सृजना भएको थियो । त्यसपछि अनिताले मेरो हातमा राखी बाँधिदिई । उसको अनुहारमा केही प्राप्तिका छिटाहरू देखा परे । मैले पनि उपहारमा फोटाहरूले सजिएको एउटा एलबम दिएँ । त्यहाँको परिवेश नै रमाइलो भयो । अनिताले थालीभरि मिठाइ ल्याएकी थिई । सबैजनाले बाँडेर खायौं, स्वाभाविकै भएपनि एउटा नौलो सम्बन्धको भोज । मैले मेरी नयाँ बैनी र आमाको अनुहारमा हेरें । नैराश्यका बादलहरू पूर्णरूपमा फाटेका थिएनन् । त्यसैले त होला उसले मलाई सम्बोधन गर्दा तपाईं भनेकी । म अझ नियाल्छु, उनीहरूको अनुहारमा शंकाका रेखाहरू सल्बलाइरहेका थिए । उनीहरू भन्दै होलान्, राखी त बाँधियो तर यसको सीमा नाघेर कतै...... ।

*कर्मैया-८, सर्लाही*

**४७ औं राष्ट्रिय प्रजातन्त्र दिवसको शुभ अवसरमा सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै समस्त देशवासीहरूको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।**

**- उद्योग वाणिज्य संघ** वीरगंज

क्यारोला र नेपालका अनुभवी दक्ष शिक्षक-शिक्षिकाहरूबाट कक्षा १ देखि १० सम्म स्तरीय शिक्षा प्राप्त गर्नुको लागि हामीलाई सम्झनुहोस् ।

**- डिभाइन करमोपोलिटिन आ.मा.वि.**

**चिनी मिल आवासक्षेत्र अगाडि, वीरगंज**

हाम्रा अन्य शाखाहरू: कलैया, सिमरा, हेटौंडा रत्ननगर (टाँडी) मा पनि खुलिसकेका छन् । भर्ना चालु छ समयमा नै आफ्नो सिट सुरक्षित गर्न अनुरोध छ ।

गीत

# गीत

✍ *भैरवनाथ रिमाल 'कदम'*

म त मान्छे मानिसदेखि किन टाढा रै' छु
एकान्तको बस्तीमा पो मूल्य गाढा भै' छु

शून्य शब्द लाग्छ सधैं आफ्नो भावभित्र
अर्थ काट्ने कवितालाई निको मान्छुभित्र
मनैदेखि ओंठसम्म वाक्य रोकि रै' छु ।

सभ्यताको अँगालोमा विहीन लाग्छ जीवन
माया गर्ने मायालुकै उदास लाग्छ मिलन
चिरा पर्दै चर्किएको धरातलमा रै' छु ।

*चाबेल, काठमाडौं ।*

**४७ औं राष्ट्रिय प्रजातन्त्र दिवसको शुभ अवसरमा सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै समस्त देशवासीहरूको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।**

**– महालक्ष्मी फाइनान्स लि.** वीरगंज

**४७ औं राष्ट्रिय प्रजातन्त्र दिवसको शुभ अवसरमा सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै समस्त देशवासीहरूको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।**

**– जिल्ला विकास समिति** पर्सा, वीरगंज

कविता

# दौड, अनिश्चित लक्ष्यको



✍ *भीम विराग*

आश्वासन मात्र आश्वासन भएपछि
विश्वासहरू तोडिदै जाँदो रहेछ सम्पूर्ण मनको
पटकपटक तोडिनुको अर्थ
गाँठो मात्र बाँकी रहनु हो
जीवन, गाँठोमय हुँदै गयो भने
जीवनलाई नै बाँधेर राख्न असम्भव हुँदोरहेछ
युगलाई उछिन्दै, नाँघ्दै
दौडिरहेछ घाइते हुँदै इतिहास
किन हो कुन्नि !
परिस्थिति र परिबन्दले
सहेको देखिदैन यो माटोलाई
माटो नरम भएर नै हो
जसले पायो मुछ्न सक्छ
कुल्चि कुल्चिकन हिलो पार्न सक्छ
एक दोस्राका अनुहारभरि
छ्याप्न पनि सक्छ
यही स्थितिमा
अनुहारभित्र पनि अनुहार लुक्छ
चिन्ने प्रयोगमा
गलत परिणामको सामना गर्नुपर्ने हुन्छ
भ्रमको चौतारीमा
फन्फन्ती घुमेर मात्र
लक्ष्य प्राप्तिको दावी गर्नेहरूको लागि
जो देखिएको छ त्यो सत्य नहुन पनि सक्छ
नदेखिएको पनि
कहिलेकाहीं स्वीकार्य हुन सक्छ
यो गणितीय पहेली
बुझ्दैनन् सोझा र सिधाहरूले
विज्ञहरू बोल्दैनन्
साझेदारी डुब्ने डरले
अझै पनि दुविधाग्रस्त पथमा
अनिश्चित दौड जारी रहेकै छ

*- हेटौंडा*

समालोचना

# बालकृष्ण समका केही अप्रकाशित एकाङ्की



नेपालीका सर्वोच्च नाट्य प्रतिभा समले अनेक नाटक छाडेर गएका छन् । तिनमा केही पूर्णाङ्की अप्रकाशित छन् । यहाँ उनका अप्रकाशित ५ एकाङ्कीहरूको चिनारी गराइँदैछ ।

*डा. केशवप्रसाद उपाध्याय*

## १. प्रेम

'प्रेम' बालकृष्ण समद्वारा लेखिएको पहिलो एकांकी हो र नेपालभित्र नेपाली भाषामा लेखिएको र मञ्चित पनि भएको पहिलो एकांकी पनि हो । यो सं. १९९३ मा लेखियो र त्यसै वर्ष दरवार हाइस्कूलमा समका निर्देशनमा त्यहाँका विद्यार्थीहरूद्वारा मञ्चित गरियो । समलाई लेखक र निर्देशकका रूपमा रंगमञ्चमा प्रवेश गराउने नाट्यकृति पनि यही हो । यी दृष्टिले यसको ऐतिहासिक मूल्य र महत्त्व छ । तर यसको कृतिगत मूल्य पनि छ । यो देशप्रेम र राष्ट्रिय भाषाका उच्च र उदात्त अभिव्यक्तिहरूले भरिएको छ भने सुगठित र परिष्कृत पनि छ । यो समले "बोक्सी' को प्रणयन गर्दा स्वीकार गरेको एक दृश्यात्मकताको नियममा बाँधिएको छैन । यसमा एउटा दृश्य कलकत्ताको र अर्को दृश्य काठमाडौंको छ ।

काम र माम नपाएर भौंतारिरहेका र अलपत्रिएका भैरवबहादुर र बलबहादुर नाम भएका टुहुरा दाजुभाइ काम मामका आशाले कलकत्ता पुग्दछन् । त्यहाँ तिनलाई मीतबाबुका प्रयासबाट देशी ड्राइवर करमसिंहका अफिसमा काम मिल्छ । केही दिनपछि भाइ बलबहादुरलाई कलकत्ता मन पर्न छाड्दछ । ऊ दाजुसित भन्छ -

"यहाँ रमाइलो मान्न खोजें बल गरी कति
सक्तै सक्तिनँ आँखामा नेपालैमात्र आउँछ ।

दाजुले नेपालमा दु:ख हुन्छ, त्यहाँ नजाऊ भनी जतिसुकै सम्झाउँदा पनि भाइ रोकिन मान्दैन, घरि छँटाएको जस्तो गर्छ र घरि रून्छ । अन्तमा ऊ दाजुसँग बिदा लिएर हिंड्छ ।

भाइ देशप्रेमले तानिएर बाटो लागेपछि दाजु पनि पछि लाग्दै भन्छ -

"मलाई छोडेर नजा म पनि तँसितै नेपाल जान्छु। मेरो अर्को बाबु नेपाल, मेरी अर्की जननी जन्मभूमि, मेरो सर्वस्व, मेरो संसार, मेरो मै म पनि आएँ।"

पद्यका साथै गद्यको समेत प्रयोग गरेर लेखिएको यो एकांकी नाटकीय प्रभाव पार्न सक्षम छ। यसमा व्यक्त भाव र विचार मार्मिक छन्। "रामा" एक्सरसाइज बुकको २२ पृष्ठहरूमा यो अटाएको छ। यस कृतिलाई कहीं कहीं थपघट र केरमेट गरी सुधारेर परिष्कृत पारिएको छ। यसको पाण्डुलिपि सफा छ र यसलाई सजिलैसँग प्रकाशित गर्न सकिन्छ।

## २. कोही दान दिन नसकोस्

यो एकांकी आठ दृश्यहरूमा विभाजित छ र गद्यमा लेखिएको छ। यसको लेखन वि. सं. २०२८ तिर भएको बुझिन्छ। "एक्सरसाइज बुक" का ३० पाताहरूमा यो लेखिएको छ। यसका चारपाता साफी गरिएका छन् र अरू पाताहरू खेस्रा रूपमा नै छन्। मूल पाण्डुलिपिचाहिं फोहोर छ, बीचबीचमा ज्यादै काटकूट र थपघट गरिएको छ। पात्र, पात्रनाम र सम्वाद राम्ररी मिलाएर लेखिन बाँकी नै छ र परिष्कार अपेक्षित छ। यसमा धार्मिक आडम्बर र पाखण्डको विरोध गरिएको छ र गरीबको सेवा नै धर्म हो भन्ने देखाउन खोजिएको छ। एकांकीका अन्त्यमा सात सालको क्रान्ति हुन लागेकाले राजनीतिक, सामाजिक परिवर्तनका लागि शोषित पीडित जनताले एकजूट भएर उठ्नुपर्छ भन्ने सन्देश दिइएको छ।

माग्नेहरूको समस्याप्रति सम्वेदनशील भई तिनकै सेवामा लागेका मध्यमवर्गीय शिक्षित युवक किरण र युवती शोभाका आपसी प्रेमसन्दर्भलाई गाँस्तै उनीहरूकै माध्यमबाट पुराणवाचक महात्मा र तिनका धर्मध्वजी रूढिवादी भक्तहरूका विरुद्ध विद्रोहभाव व्यक्त गर्ने काम यसमा भएको छ। यस नाट्यकृतिमा पुरानो र नयाँ विचारको संघर्ष प्रस्तुत गरिएको छ। समको यो एकांकी प्रचारात्मक छ र कलात्मक दृष्टिले ऋणात्मक छ।

३. गंगालाल

सं. १९९७ को शहीद काण्डको सम्झनामा लेखिएको यस एकांकीलाई रूपक भनिएको छ र यो स्वप्न नाटकका रूपमा देखिन्छ। यसमा दृश्यविभाजन छैन तर सानामा देखिने जस्तै अनेक दृश्य यसमा देखाइएका छन्। यो पूर्णतया गद्यमा लेखिएको छ र एक्सर साइज बुकका ६२ पृष्ठहरूमा फैलिएको छ। यो समग्ररूपमा लेखिएको छ तैपनि यसको परिमार्जनका साथ पुर्नलेखन गर्ने काम बाँकी नै छ।

यसमा गोली खाएर ढनमनाइरहेका गंगालाललाई नेपाल आमा अँगालामा लिन्छिन् र "तिमी अमर छौ" भन्छिन्। गंगालाल नेपाल आमाका प्रेरणामा नेपालका स्वर्गीय विभूतिहरूको आवाहन गर्छन् र "माटाको ममता" भन्ने समको अर्को एकांकीमा झैं ती विभूति मञ्चमा प्रकट भएर आ-आफ्ना सन्देश दिन्छन्। अन्त्यमा जुद्ध शम्शेर प्रकट भएर गंगालालले देशमा सल्काएको आगो ननिभी बल्दै गएको सूचित गर्दछन् र एकताको

आवश्यकता छ भन्दछन् । यस एकांकीमा राजा जनकदेखि लिएर श्री ५ त्रिभुवन र श्री ३ जुद्ध सम्मका अनेक राष्ट्रिय राजनीतिक विभूति वा व्यक्तित्व देखा पर्दछन् । यिनमा गंगालाल र नेपाल आमालाई मिलाउँदा पात्र संख्या ४४ हुन पुग्छ । यसमा कुनै एक कथानक छैन बरू अनेकानेक घटना प्रस्तुत छन् । यसलाई एकांकीका क्षेत्रमा एक प्रयोग भन्नुपर्ला ।

## ४. छ कि छैन ?

यो पनि एक नव प्रयोगात्मक एकांकी हो । यसमा पहिले सूत्रधार आउँछ र "छ कि छैन ?" भनी ईश्वरबारे प्रश्न गर्छ । त्यसपछि ऊ रंगमञ्चमा टाँगिएको पर्दामा एकातिर "छ" लेख्छ, अर्कातिर "छैन" लेख्छ भने बीचमा "कि" लेख्छ र मञ्चबाट बिदा हुन्छ । "छ" लेखिएको तिर धनीको घर हुन्छ र "छैन" लेखिएकोतिर गरीबको घर हुन्छ । धनीका घरमा सबैथोक हुन्छ । गरीबका घरमा केही हुँदैन । दुबैतिरका दृश्य समानान्तर रूपमा एकसाथ चल्दछन् र आर्थिक विषमतालाई झर्लङ्गसँग देखाउँछन् । धनी व्यक्ति आफ्नो ऋण असुल गर्न सिपाही पठाएर गरीबलाई झिकाउँछ । उसले पूर्वजन्मका कारणले कोही धनी र कोही गरीब हुन्छन् भन्दा ऋणी गरीब यस जन्मको रिन अर्को जन्ममा तिरूँला भनी उसलाई निरूत्तर पारेर घर फर्कन्छ । नाटक पूर्णरूपमा लेखिएको छ र यसको पहिलो अंश परिष्कारका साथ पुनर्लेखन गरिएकाले सफा छ । पछिल्लो अंश खेस्रा रूपमा नै छाडिएकाले फोहर छ । पात्रका निम्ति १, २, ३ आदि संकेत मात्र दिएर सम्वाद लेखिएको छ । कृतिमा नाटकीय गुणको न्यूनता छ । त्यसैले यो प्रगतिशील भाव र विचारको प्रचारका लागि लेखिएको सतही रचनाका रूपमा छ र खास प्रभावकारी लाग्दैन । यसको विषयवस्तुभन्दा प्रस्तुति नै आकर्षक र प्रभावकारी हुने देखिन्छ । पद्य र गद्य दुबैको उपयोग गरिएको यो एकांकी कुन मितिमा लेखिएको हो त्यो थाहा हुँदैन भने यो मञ्चित भए नभएको पनि थाहा हुँदैन । समले सं. २००७ पछिको कुनै समयमा प्रयोगवादी पश्चिमी नाट्यशैलीका प्रभावमा यो लेखेको हुनुपर्छ ।

## ५. पथदर्शन

"पथदर्शन" सं. २०२२ मा लेखिई मञ्चित पनि भइसकेको एकांकी हो । यो प्रकाशित भएको पनि हुन सक्छ तर यसबारे यस शोधकर्तालाई निश्चित जानकारी प्राप्त हुन सकेन । पूर्व-पश्चिम राजमार्गका निर्माणमा जनसहभागिताको आवश्यकता यसको विषय हो । यसको नाटकीय कार्यव्यापार शालिग्राम फोर्ने नास्तिक छोराका साथ बाबुको झगडा र बाबुका हातबाट छोराको निर्घातसँग चुटाइको दृश्यका साथ आरम्भ हुन्छ । कार्यव्यापार अगाडि बढ्दै जाँदा छोरालाई बाबुसँग अंश लिएर विदेशिने सल्लाह उसका उरन्ठेउला साथीहरूले दिएको देखिन्छ । साथीहरूको सल्लाह र उल्क्याहटबाट छोरोचाहिं दोधारमा पर्छ । यस्तो स्थितिमा आफूभन्दा कलिलो उमेरका आफ्नै भानिजको राष्ट्रवादी विचारबाट प्रभावित भएर अंश लिने वा अंश लिएर विदेशिने काम नगरी ऊ पूर्व-पश्चिम राजमार्गको निर्माणमा भाग लिन घर छाडेर जाने निर्णय लिन्छ । सरल गद्यमा लेखिएको यो कृति उच्च विचारहरूले भरिएको छ र यसमा नाटकोचित द्वन्द्व पनि छ तर प्रचारात्मक

भएकाले यसको आख्यानपक्ष सबल छैन । यसमा जुन घटनात्मक मोड आएको छ त्यो स्वाभाविक लाग्दैन ।

बालकृष्ण सम नेपाली नाट्य विधाका सर्वोच्च प्रतिभा हुन् र उनी नेपाली साहित्यका गौरव हुन् । उनका पूर्ण वा अपूर्ण जे जति नाट्यकृति छन् ती हाम्रा राष्ट्रिय सम्पत्ति हुन् । तिनमा समको प्रतिभा पोखिएको छ र उनका अमूल्य भाव र विचार भरिएका छन् । त्यसैले तिनको सम्पादन र प्रकाशन गर्नु हाम्रो राष्ट्रिय कर्तव्य हो । उनका यहाँ चर्चित सबै नाट्यकृतिहरू यस शोधकर्ताले उनका जीवनकालमा उनकै घरमा बसेर अनि आफ्ना डेरामा ल्याएर पढेको हो । यी सबै उनका घरमा होलान्, त्यसै रहेको खण्डमा समयका प्रवाहमा ती नासिएर जान पनि सक्तछन् । त्यसो भएमा पनि भावी सन्तानले धिक्कार्ने छन् भन्ने हामीले बुझ्नुपर्दछ ।

*कलमपोखरी, काठमाडौं*

कविता

# केही तीनहरफे कविता

*कृष्ण क्षेत्री*

## जिन्दगी-१

आफ्नै हातमा छ आफ्नो जिन्दगी
होशियार भए मौलाउन सक्छ
बेपर्वाह भए ओइलाएर झर्छ ।

## जिन्दगी- २

जिन्दगी-
जिन्दगी- ढल्दै गरेको घाम
जिन्दगी- गल्दै गएको मैनबत्ती ।

## बैंस

बैंस-
बैंस- जवानीको कुतकुती
बैंस- बुढेसकालको छुकछुकी ।

*सिक्किम*

कविता

# चाहिन्न केही अब

✍ सुदीपभद्र खनाल

मलाई म भनूँ कथा विरहका आफैं म द्यूँ सान्त्वना
या एक्लै वनमा बसीकन कतै रोऊँ म एकान्तमा ।
एक्लै हाँसिरहेछु आज भवमा आत्माविनाको शव
मेरा लागि नराख मानिस ! दया, चाहिन्न केही अब ॥

घाऊ बल्भिरहेछ भित्र मुटुमा भोरिन्न की यो अब
आगो दन्किरहेछ भित्र दिलमा निभ्दैन की यो अब ।
भित्री शान्ति मलाइ छैन अब भो चाहिन्न यो वैभव
यस्तै भोग्नुरहेछ भोग्दछु म भो, चाहिन्न केही अब ॥

छाती पोल्दछ भत्भती तर खपी बाँच्नु छ मैले यहाँ
बोली बन्दछ कण्ठमा तर रमी हाँस्नु छ मैले यहाँ ।
तातो भीर पसेर माझ मुटुमा छेडी रहे तापनि
पीडा आज सहेर भीड बिचमा नाच्नु छ मैले यहाँ ॥

यौटा विम्ब छ यो मभित्र दिलमा मेटेर मेटिन्न त्यो
आँखा टुल्टुल हेर्छ किन्तु नजिकै देखेर भेटिन्न त्यो ।
यौटा गीत रचेछु आज अधुरो आधा छ गाइन्न त्यो
छातीभित्र छ किन्तु आज बहुतै टाढा छ पाइन्न त्यो ॥

फोक्सो बल्दछ भित्रभित्र अब खै, प्रश्वासको काम के ?
मेरो जल्दछ जिन्दगी अब यहाँ सम्मान वा नाम के ?
मेरो जीवनको वसन्त चुँडियो के बाँच्नु मैले अब
यौटै लक्ष्य थियो गुम्यो अब पुग्यो चाहिन्न केही अब ॥

*जमुनी-१, बर्दिया ।*

कविता

# खोई, कहाँ छ मान्छे

*✍ विकास खतिवडा "दीप"*

आज यो ब्रमाण्डमा हराएको छ मान्छे
आज यो धर्तीमा बिलाएको छ मान्छे
ए लौ न ... कसलाई थाहा छ... ?
कहाँ लुकेको छ मान्छे...... ?
कहाँ दबेको छ मान्छे
कोही त बोल
माहात्मा बुद्धहरू ........
किन चुपचाप छौ ...... ?
कोही त खोज .....
सगरमाथा किन स्तब्ध छौ........ ?
मानवता र नैतिकताको भार थाम्न नसकेर,
भासियो कि मान्छे ....... ?
स्वाभिमान र परोपकारको सागर तर्न नसकेर,
चुर्लुम्म डुब्यो कि मान्छे..........?
खोइ, कहाँ छ भीडभित्र मान्छे.......?
खोइ, कहाँ छ आफैभित्र मान्छे........?
यहाँ त अस्वस्थामाहरू छन्
यहाँ त शकुनीहरू छन्
यहाँ त नारद र दुर्वासाहरू छन्
यो मान्छे हराएको बस्तीमा
घात छ, प्रतिघात छ,
इमान होइन बेइमान छ
परोपकार होइन आफ्नो सरोकार छ
खोइ, कहाँ छ मान्छेसँग मान्छे...... ?
खलिकति दु:ख पोख्नु थियो मलाई
खोइ, कहाँ छ मान्छेभित्र मान्छे......... ?
अलिकति अभाव टार्नु थियो मलाई
केवल भीड छ र कोलाहल छ
तिमी छौ ........ म छु ...... र घमण्ड छ
"खोइ, कहाँ छ मान्छे" मान्छेभित्र मान्छे ।

मकवानपुर

# गजल

✍ कविराज पोखरेल

हिजो जस्तै आज पनि पछि-पछि हामीहरू
माथि हेर उचाइँमा पुगे प्रतिगामीहरू

दुख्छ मुटु, बिरामी छु, अस्पताल यस्तो छ कि
शल्यक्रिया गर्न पनि बसेका छन् धामीहरू

काजी अनि शर्माजी नै भैगो अब शहीद हुन्
संघर्षमा मर्ने तर थिए काले कामीहरू

मेरै ढाडको बाटो गरी लंकातिर पुगेपछि
रावणको कीर्तनमा लागे रामनामीहरू

हिजो जस्तै आज पनि पछि पछि हामीहरू
माथि हेर उचाइँमा पुगे प्रतिगामीहरू

*इनरूवा, सुनसरी*
*हाल: नेपाल बैंक लि., विराटनगर*

४७ औं राष्ट्रिय प्रजातन्त्र दिवसको शुभ अवसरमा
सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति हार्दिक
श्रद्धाञ्जलि अर्पण गर्दै समस्त देशवासीहरूको
उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।
– ज्योति स्पिनिंग मिल्स लि.
ज्योति ग्रुप, परवानीपुर ।

निबन्ध

# प्रतिक्रियाहरूको धूमिल शिखर

*✍ रमेश गोर्खाली*

तीता र कटमिरा फलको सन्दर्भ । तीता फलहरूलाई हामीले निरन्तर चाखिरहेका छौं र अझैं स्नेही मुक्तिदाता यहाँ जन्मेको कतै भेटेनौं एवं यस्ता प्रतीक्षा अनिश्चितताको अधरमा झुण्डिएको देख्दा दिक्दार बन्छौं । विविधार्थी नभए थोरै भए पनि सम्बद्ध पक्षमा हामी सन्तुलन खोज्छौं र त्यसलाई पाउँदैनौं । कुहिराको कागझैं अन्तर्क्रियाहीन भएर सबैजना एकपक्षीय धमिलोपनमा हराइरहेका छौं र निर्दिष्ट दिशा कुन हो ती चिन्न सकिएको छैन । जसले जेसुकै भनोस् वस्तुतः त्यसलाई चिन्न रोकिएको प्रतीत हुन्छ ।

शासक सत्ताको परिवर्तन र नौलोपनलाई सबैथोक ठानेर एकताका हामीहरू रमायौं र बाह्यान्तरिक मूल्यशैली कस्तो होला वा हुन सक्दछ त्यसपट्टि सतर्क ध्यान दिएनौं । अब विडम्बना के छ भने अनेक विपत्ति र विकृतिले परिवेश एवं समाजभित्र भित्रसम्म आन्दोलित छ र ती सबको निराकरण नपाएर आस्थाको मूलविन्दु हुन झन् क्रमशः भास्सिदै छन् ।

मेघाच्छन्न आकाशलाई एकछिन नियाल्या शिरमाथिको वृत्ताकारमा यौटा तुँवालो भेटिन्छ र बादलको पुष्ट स्वरूप अझै ऋतुहरूको हिसाबले ठम्याउन कठिन पर्छ । प्रतिक्रियाहरूको यस्तै कुइरी मण्डलमा मेरो स्वच्छन्दतावादी मन भट्किएको छ, इन्जिनको पार्टपूर्जा बिग्रिएर हावामा कावा खाँदै गरेको अस्थिर विमान झैं ।

सुषुप्त आक्रोशहरूबाट हामी किन छेकिन्छौं भने यौटा नरमाइलो अवधिको पुराण र हरिकथा नसुनाएको र त्यसलाई नखोतलेको धेरै समय भइसकेको छ । प्रस्ट छ यसको आयामले दशाब्दीलाई पचाउन थालिसक्यो ।

नगर दर्शनको ठाउँमा महानगरीय सभ्यताले देश र देशको माटोलाई स्पर्श गरिसकेको छ तथा प्रकृतिको शीतल वायु र मट्टीको काँचो स्वच्छ सुवासलाई फुर्सतले अनुभूत गर्ने समय अब सोझासाझालाई बाँकी रहेन । अधिसंख्यक मस्तिष्क यस्ता सहजता र सरलताबाट प्रशस्त ठगिदै छन् । किनभने ठग नाइकेहरूको प्रपंचबाट यस देशको माटोले कहिल्यै मुक्ति पाएन । दुर्भाग्यले यस्तै हर्ताकर्ताहरूलाई यहाँ नीतिकार मानिएको छ र सार्वजनिक स्थलमा प्रतिनिधित्वको लालपूर्जा च्यापेर एकपछि अन्य विविध समारोह र कार्यक्रमको ती निर्द्वन्द्व भई फित्ता काटेर समुद्घाटन गर्दैछन् र व्यावहारिक अनुस्थापनले गर्दा हामी त्यस्ता सितै टाँसिएका छौं ।

मलाई लाग्छ यहाँ अपरिहार्य विकासात्मक गतिविधि बढेका छैनन् केवल तिनको शिलान्यासको श्रृंखलाको अभिवृद्धि भएको छ र युगबोधलाई भुत्ते पार्ने चालहरू विद्यमान छन् । प्रतिक्रियाहरू छाम्दा अधीरता, अस्थिरता र अतिचारको लामो सूची तयार गरेको म देखिरहेको छु । केहीले यसलाई सुकीर्तिको बखान मानेर नयाँपन ठान्ने भूल पनि गर्दैछन् । विशेषतया स्थिति भने जंगबहादुर र मोहन शम्शेर जस्ता बर्बरले समेत आँखा छोप्ने खालको निर्लज्जताको छ । बाटोमा कण्डो उजाएर छेर्नेहरूलाई स्पष्टत: यसको भेद छैन तर जन समुदायले यी सबलाई गम्भीरताले ग्रहण गर्दैछन् भन्ने सत्यापनलाई कसरी बिर्सौं ।

असंख्य आत्मीयजन र नातेदारहरूसित राजनीतिको अपारदर्शी कूटचक्र नबुझेर कैय्यनपटक म अँध्यारोमा आफैसित प्रश्न गर्छु र बुजुवाबाट मानवेत्तर जीवमा आफ्नो गणना हुनपुग्दा पटक पटक मलाई असजिलो हुन्छ ।

के गर्नु थानकोट भन्दा पठानकोटलाई महत्त्व दिने यौटा अभिजात्य संस्कृति यहाँ छ र समान्तर पृथक् दृष्टि विकसित गर्न समस्त प्रतिबन्ध अझै हटेको छैन । धेरै ठाउँमा हामीलाई टेरिदैन र महलरूपी अट्टालिकाका बासिन्दा वा तिनका आसेपासेलाई "जदौ" गर्ने परम्परा यथावत छ ।

जबकि ती बन्दी र उन्मादी नै होऊन् । युगावधि रोगाएर लम्किए पनि प्रजातन्त्र वा बहुमत तन्त्रको नवीकृत पुनर्परिभाषा सोध्ने इच्छा ममा पलाएको छ र यौटा अर्को इच्छा यसलाई नबुझ्नेलाई पाठ पढाइदिऊँ कि भन्नेछ । किन्तु पाठ कसरी पढाऊँ म दुविधामा पर्छु, कारण मेरो मास्टरीपनको द्वैधात्मक अनुभव त्यति पाको हुन पाएको छैन । कडा आक्रोश र वैधानिक विद्रोहले त्यसलाई दिशा दिन सकिन्छ भन्नेहरूको जमात पनि छ । तर कछुवाको चालले मरूभूमिलाई शीघ्र नाघिदैन, पार पाइदैन भन्ने यथार्थ पनि त गम्नुपर्‍यो ।

अन्तर्क्रियाहीन एकलकाँटे प्रतिक्रियाहरूको नीरसताले परिवेशको यथास्थितिवादी वातावरण धमिलिएको छ र नव परिवर्तनलाई कुन सन्देश दिऔं भन्ने अर्न्तव्यथा जस्ताको तस्तैछ ।

आँसु, पसिना, रगत र मदिरा आदिका मीमांसा र सीमा बिर्सिदिनु खतरनाक भविष्यको द्योतक मानिन्छ । किन्तु त्यसको मर्मलाई बुझ्ने टन्टा नीतिज्ञबाट भएको मैले पाइन र देखिन । सकारात्मक उर्वरताहरू न्यूनिकृत हुनु र जघन्य रूपमा आसुरी बृत्तिको विस्तार हुँदा अराजक साम्राज्यलाई समृद्ध गर्न आफू पनि यसमै लागौं ।

मीठा र रसिला फल ठान्दै परिवर्तनका तीता फल र त्यसको अप्रिय प्रतिफललाई हामीले देख्यौं, भोग्यौं र सुखद् निष्कर्ष के हो त्यसबारे बिलखबन्दमा परेका छौं । प्रतिक्रियाको धूमिल शिखर चुलिदै जानुलाई अनिच्छाले हेर्नु बाहेक अन्य उपाय नहुँदा विवेकी जनमत छट्पटिनु स्वाभाविक हो । प्रत्यक्षत: दु:ख के मा हुन्छ भने प्रतिक्रियाले जीवन्त परिणाम दिन सकेन र अनुपलब्धिपूर्ण प्रकरण र त्यस सम्बन्धी प्रक्रियाले रन्थनिएर बस्न

हामी बाध्य भयौं ।


अझै मुक्तिदाता र न्याय सम्पादकको खोज टुटेको छैन र स्वेच्छापूर्ण विशिष्ट पदचापहरूको मौन खोजी भइरहेको छ एवं काल गर्भलाई औंल्याएर सुशान्त हुन कसैले प्रेरित गर्दैछन् । यसो हेर्दा सत्तापक्ष क्रियान्वितिमा कृपण भए पनि जनमानस संकीर्ण छैन र तिनका हृदयको उदारता एवं फराकपनले जीवन सूचक अवलम्वनमा सान्त्वना मिलेको भान हुन्छ ।

व्यंग्य सम्राट भैरव अर्यालले आफ्नो एउटा निबन्धमा एकचोटि अमिलो धमिलो भनेर बौद्धिक जमातलाई चकित पारेको प्रसंग पाइन्छ । मूलतया धमिलो पानीमा माछा मार्न खोज्नेहरू वा अरूलाई उनले सचेत पार्न चाहेका हुन् । प्रदूषित एवं धमिलो जलमा माछाका भुरा बल्झे पनि बाघ, भालु, चितुवा र गोही प्राय: नछेकिने तथ्यलाई संभवत: अर्याल महोदय सम्झाउन इच्छुक थिए र त्यसैले यसमा चासो लिन पुगेका हुन् ।

प्रतिक्रियाको निर्गतहीन अवस्थालाई विश्लेषणीय ठान्दै यसको निरर्थक चुल्याइ र छुल्याइ नापेर मात्र लाभ छैन भन्ने सत्य बुझ्नुपर्छ । एकजना निरक्षर खाले बालकले समेत अनुमान लाउन सक्ने हुनुपर्छ, हुनेछ, गरिनेछ जस्ता अनर्गल प्रलापपूर्ण उपदेशात्मक शब्दजाललाई यसबेला नचिने कहिले चिन्नु त ?

"सत्यमेव जयते" भनिए पनि विजयश्रीको बरमाला असत्यका प्रसारक र प्रतिपादकले बहुधा पहिरेका देखिन्छन् । यसो बहुरंगी छापाहरूलाई आफू सम्मुख फैलाएर दृष्टिपात गरे त्यो सबै प्रस्ट हुन्छ ।

समय निश्चय पनि आउनेछ, यो जुनीले नभेट्ला अर्को पुस्ताले देख्ला, त्यो बेग्लै हो तर इच्छित क्षण अवश्य झल्किने छ । त्यसले सबैलाई झैं हामीलाई पनि निष्पक्ष शुभेच्छा र आशीष दिन चुक्नेछैन एवं त्यसमाथि विश्वास छ र आकुल नयन त्यसको प्रतीक्षामा छ । अस्तु: *हाल: मकवानपुर बहुमुखी क्याम्पस*




**PRAKASH TENT & TARPAULIN (Pvt) Ltd.**

**Manufacturer Importer & Exporter**

**Bhaktapur Industrial Estate**

G.P.O. Box-4929, Bhaktapur Nepal. Tel: Show Room 226164, Factory: 611014

एकांकी

# जोखाना

✍ देवी 'क्षेत्री' दुलाल

१० बजे राति पालीटारे कान्छाको घरमा कान्छाकी श्रीमती छोरी पारू, खत्री माइला (गाउँले बुढा) हर्के (युवा) साइला कामी (बनभाँक्री) र ढोले सिरेकामी घुरिङ्ग सेउलीका साथमा लिसोपानी, थालमा भेटी, पैसा, देउता, ढुंगा, बनभाँक्रीको सारा सामासरदाम, त्रिशुल, चमर थुर्पी, व्यांग्रो, ढोलेको थाल, भैरूङ्गपाती, सुनपाती र सिक्पाको धुंवा मुस्लिरहेको छ जामापगरीमा बनभाँक्री चिन्ताको पहिलो पहर शुरू गर्छ ।

बनभाँक्री:- (यानमा गड्गडाहटले बर्बराउन थाल्छ) होम.... हुँ ...... हो...... हा..... हए..... लाहै ........ गुरु ..... सत्ते...... सत्ते......... तीनतिरलिके चोधै भुवान साक्षी, बाबा गुरु बनभाँक्रीउ ........ लहै ..... !

(भाँक्री धर्ती छाड्दै काप्छ, ग्यांग्रो माला र ढोलेको थालको आवाज चर्कंदो छ)

खत्रीबूढा:- (कान्छालाई हेर्दै) होइन हओ पालीटारे, जहान बच्चालाई त सन्चै छ क्यारे, के घरचिन्ता गर्ने हो ?

पालीटारे: हैन बडा, परिवारमा त सन्चै छ । गाउँघरमा हैजा देसान्तर बिगबिगी छ । त्यो त बनभाँक्रीको चिन्ताले दोहोलो भैहाल्छ तर यो देशका काँचो जागित्र, हुँइचे भूत र चुडेलले खतम गर्न लाग्यो र आज बनभाँक्रीलाई राम्रो हेराइ कोराइ गरी बरू पर्छ नै भने २-४ कालो चल्ला ८-१० डिम्बा खर्च गरी बान ठोकाउनु पर्ला नै जस्तो छ । अनि काँचो जागित्र पूर्व, पश्चिम र दक्षिणबाट दिनदहाडै पस्दै बडाचालले बाटो दोबाटोमा हलो गाड्नै पर्ने भयो र बनभाँक्रीलाई बोलाएको हओ बा ।

(श्रीमतीलाई हेर्दै कुरा थाल्छ) हैनहओ पारूकी आमा, बा र भाइलाई चिया बाँड्न लु लु ।

हर्के: साँच्चै कान्छादाइ, सबै बाटोघाटोमा बारबन्देज गर्नै पर्ने भो । साध्ये नै भएन, काँचो जागित्रले गाउँघर सखाप पार्न लाग्यो तोरीबारीमा ३३ जना काँच्चै रगत छादेर मरेछन् । मेचीमहाकालीमा लाशैलाश छ रक्ताम्मै छ । दिउँसै हुँइचे भूत र चुडेलको बिगबिगी छ पश्चिममा थुप्रैलाई निल्दैछ त्यो त्यो सब काँचो जागित्रकै कडी हो ।

कान्छी: (चिया पिउँदै) के को कान्छा नानी, जागित्र मात्रै हो र ? बोक्सीको चकचकी कत्रो छ, हिजो राति मलाई ऐठन पारेर गालामा दाँत भसाएको हेर्नुन (हर्केलाई गालाको रातो भाग देखाउँछिन् ।)

खत्रीबूढा: (टाउको हल्लाउँछ)

ढोले: (बाहिर सिकुवाबाट) कोइला थप्नुपऱ्यो ।
हर्के: (कोइला थप्छ)
(बनझाँक्रीको कम्पन क्रमशः कम हुँदै जान्छ पहिलो पहर चार पाउले आफ्नो थानलाई ढोगेर विश्राम गर्छ ।)
कान्छी: (चिया बाँड्छिन्)
खत्रीबूढा: बनझाँक्री बाबु, चिन्ताको छनक कस्तो होला ? (झाँक्रीलाई हेर्दै)
झाँक्री: त्यो त भरे जोखानामा उनै गुरु बक्छन् नै कस्तो हुने हो । (चिया पिउँछ)
पालीटारे कान्छा: लहै बनझाँक्री बाबा, आजको चिन्ता घरचिन्ता मात्र हैन, यो चिन्ता भनेको त गाउँघरकै चिन्ता हो, देशकै चिन्ता हो । सकेसम्म काम सिद्धि गर्नुपर्छ ।
झाँक्री: (मुन्टो हल्लाउँदै) हेरौं ....
(झाँक्री गड्गडाहटका साथ दोस्रो पहर शुरू गर्छ ।)
ढोले: (कान्छालाई बाहिर सिकुवाको थानमा बोलाएर कानेखुशी गर्छ) अब गुरुले जोखाना भन्नुहुन्छ, भलो मनले के के हुने हो के के चाहिने हो सोध्नुपर्छ ।
झाँक्री: (आफ्नो धुनमा नाचिरहेको छ)
ढोले: अब गुरु पारु भएर तीन तिरीलोक चौधै भुवनको जोखाना देवतासँग सोधेर आउँछन्, पारू जाँदा गुरुलाई समात्नु पर्छ त्यो बेला तिमीले थाल बजाउनु है ।
झाँक्री: (मरे झैं सास दवाएर ३ मिनेट बेहोस हुन्छ पारू खेल्दै)
ढोले: धूप थपौं (कान्छालाई हेर्दै)
हर्के: धुप थप्छ ,
झाँक्री: (थर्र काम्दै ढ्यांग्रो पक्रिएर पलेटी मारी जोखाना शुरु गर्छन्) हेर मनुवा, म सत्ते सत्ते भन्छु तर के भन्यो भन्लास ..... हा.....हा.....है.....है.....हो.....हो. ।
खत्रीबूढा: लौ परमेसुरा ! कुनै गोसा मान्नेछैन, सत्ते सत्ते हेरीकोरी ल्याउनुपऱ्यो है परमेसुरा !
झाँक्री: हेर मनुवा, यो नेपाली बाला मनुवामा भीमलाउने, यमलाउने काँच्चै रगत छढाउने, अनिकाल पार्ने, नदीनाला, ताल झरना, सबै रक्ताम्ये पार्ने सब काम मान्छेकै जागित्रले गरि ल्याउँदो रहेछ अओ बालामनुवा ।
(ढ्यांग्रो बजाउँदै सारोसारो काम्छ)
कान्छा: लौ परमेसुरा ! यो के को खेलखेलानी हो त ? के के गर्नुपर्ला के के सामा सर्दाम चाहिएला त परमेसुरा !
झाँक्री: हेर बाला मनुवा ! के भन्यो भन्लास्, के कह्यो भन्लास् ।
बूढा: भन्ने छैन परमेसुरा ! देखेको जानेको कुरा दूधको दूध पानीको पानी भन्नुपऱ्यो परमेसुरा !
झाँक्री: सुन् मनुवा, तेरो देशमा जतातातै जे जे माथि, जहिलेसुकै दिनरातै विदेशी मनुवाको जिउँदो जागित्रले चुडेल, बोक्सी छुँडामुर्कुटा र परपिसाचको साथमा साम्राज्य पो विस्तार

गर्दैछ है मनुवा !

कान्छा: हो परमेसुरा ! त्यस्तै हुँदैछ । के के गर्नुपर्ला त परमेसुरा ! के सामा तामा चाहिन्छ परमेसुरा !

झाँक्री: हेर मनुवा ! के भन्यो भन्लास्............

हर्के: भन्ने छैन परमेसुरा ! के माथि साम्राज्य विस्तार हुँदैछ त परमेसुरा !

झाँक्री: हेर मनुवा ! भाषामा छ, फेसनमा छ, खवाइ पियाइमा छ, बसाइ उठाइमा छ, हँसाइ बोलाइमा छ, हाम्रो नदीमा, पहाडमा, आकाश धर्तीमा है मनुवाओ (जोडले ढ्यांग्रो ठोक्छ)

बूढा: के गर्नुपर्ला त परमेसुरा !

झाँक्री: केही गर्नु पर्दैन हेर मनुवा ! हाम्रो सन्ततिलाई शिक्षित पार्नुपर्छ, साम्राज्य विस्तार गर्ने चुँडेललाई ज्ञानले बान ठोक्नुपर्छ है मनुवा !

बूढा: किन गोसानी त परमेसुरा ! हामी घाँस खानुको दु:खले गाँस खाएको परमेसुरा ! गोसानी माफी लौ परमेसुरा !

(ढोले सिक्पा थप्छ)

झाँक्री: हेर मनुवा ! भाषामा अंग्रेजीले, संस्कृतिमा हिन्दीले, मेचीमा, कालीमा कोशीमा, हावामा जताततै पश्चिम, पूर्व र दक्षिणबाट साम्राज्यै साम्राज्यको पंजा फिंजिन्दैछ सारै नयाँ रूपमा, सारै होशियारी साथमा त्यसका लागि मनुवा तिम्रा सन्ततिलाई कलम देऊ, मसी देऊ, किताब देऊ अनि त्यो जागित्रलाई निपैनिपले बान ठोकिदेऊ है मनुवा ... होशियार है मनुवा होशियार !

कान्छा: लौ परमेसुरा ! (सबै अलमल्ल पर्छन्)

कान्छी: (लोग्नेलाई हेर्दै) खै.....

झाँक्री: सुन मनुवा ... तीनतिरिलोक चौधै भुवान चलिआएँ खेलिआएँ .....सुन मनुवा...... आई लभ यु, लभ तुझे लभ मुझे, ओले ओले, ममी डेडी हुर्रा, बाबु के हो ? आमा भन्नु त छि ! तु चिज बडी है मस्त मस्त हुर्रा, ...... हा...... हे.........हे....... हु........ हु........ हेर मनुवा हेर ...... (थानमा झाँक्री गड्गडाहटमा धर्किरहन्छन् । केही क्षण पश्चात काम्न छाड्छ, बूढा, कान्छा, कान्छी हर्के र पारू भित्र पस्छन् । ढोले थान ठठाउँछ ।

(चिन्ता सकिन्छ)

*म.र.व क्याम्पस इलाम ।*

▼▼▼▼▼▼▼▼▼

# गीत

खऱ्यानको खर काटी चुहुने घर छाएँ
दुखियाको कर्म यस्तै पाउनु दुःख पाएँ ।

धरो फेर्न नसकेर लाउँछु सधैं तुनी
कल्ले कठै भनोस् मेरो मनको कथा सुनी,
हातमुख जोर्न भोकै खेतमा बाली गाएँ
दुखियाको कर्म यस्तै पाउनु दुःख पाएँ ॥



✍ भावेश भुमरी

घाँस काट्दा अल्झिन्छु कि वनको कलेसीमा
जिन्दगी नै तप्किन्छ कि घरको बलेसीमा
दुःख सम्झी बेहोसीमा धेरै बर्बराएँ
दुखियाको कर्म यस्तै पाउनु दुःख पाएँ ॥

खऱ्यानको खर काटी चुहुने घर छाएँ
दुखियाको कर्म यस्तै पाउनु दुःख पाएँ ।

*मरन्ठाना-८, प्यूठान ।*
*हाल: काठमाडौं*

४८ औं राष्ट्रिय प्रजातन्त्र दिवसको शुभ अवसरमा
सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति हार्दिक
श्रद्धाञ्जलि अर्पण गर्दै समस्त देशवासीहरूको
उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।
BST भगवती स्टील इण्डष्ट्रिज प्रा. लि.
वीरगंज ।

# मुक्तक

✍ *हरिकृष्ण काफ्ले*

**स्वतन्त्रता**

जनताभन्दा नेता धेर
परिश्रम भन्दा भाषण धेर
नीतिको नाउँमा लाठी र मुंग्री
विकासको नाउँमा पार्टी धेर !

**विकास**

माथि माथि योजना बन्यो
तल तल अभाव बढ्यो
जनताको घर रहुन् कि ढलुन्
बाठाहरूको महल बन्यो ।

**शिक्षा**

रहने छ एकदिन विश्वमा कीर्ति
शिक्षाले खेल्दैछ सुधारको खेल
मान्छेहरू जन्मँदै विद्वान
घर-घर स्कूल विद्यार्थी फेल

*प्रगति आश्रम, चन्द्रनिगाहपुर*

४७ औं राष्ट्रिय प्रजातन्त्र दिवसको शुभ अवसरमा
सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति हार्दिक
श्रद्धाञ्जलि अर्पण गर्दै समस्त देशवासीहरूको
उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

प्रमुख- **माधवलाल श्रेष्ठ**
उप-प्रमुख- **अजय कुमार द्विवेदी**
**वीरगंज नगरपालिका, वीरगंज**

संस्मरण

# क्रेडलमाउण्टेनको शिखरतिर



✍ जय छाङ्छा

अंग्रेजी शिक्षिका टेरेसा थिल (ब्रिटीश नागरिक) को मार्च ९, १९९४ को कक्षा नेपाली र थाइलैण्डका तालिमेहरू बीच संयुक्त रूपमा चलिरहेको छ। डर, त्रास र भय बीचमा नेपालीहरूले नेपाल सम्बन्धी विविध विषयमा प्रिजेन्टेशन (प्रवचन) पालैपालो दिइरहेका छौं। यसै बीचमा युनिभरसिटी अफ तस्मानियाकी ओभरसिज स्टुडेण्ट एडभाइजर श्रीमती फिलिम काल्डर पोट्स (Phileem Calder Potts) कक्षा कोठामा आउनु भएर एउटा खुशीको खबर सुनाउँछु भन्दै अनुमति मागिन् टेरेसासँग। र टेरेसाले अनुमति दिनु भएपछि श्रीमती पोट्सले धारा प्रवाह रूपमा सूचना सुनाइन्। "आगामी मार्च २०, १९९४ आइतवारका दिन तस्मानियाको प्रसिद्ध क्रेडल माउण्टेन लैजाने व्यवस्था गरिरहेको छ- स्टुडेण्ट युनियनले। तपाईहरू इच्छुक हुनुहुन्छ भने डलर १७ भुक्तानी गर्नुहोला। पेश्की स्वरूप डलर सात अहिले दिएपनि हुन्छ। बस लेप्रेना (Leprena) होस्टेल अगाडि आउँछ। साढे आठ बजे छुट्ने हुनाले सवा आठ बजेभित्र तोकिएको ठाउँमा आइपुग्नु होला।" सूचना सुनाउनासाथ कोठामा शुन्यता छायो एकाएक।

थाइ मित्रहरू अपासोर्न सुकसाई, सोम्फोप रुज्जानाभेट, क्याप्टेन सोमजाई केटकासेम लगायत नौ जनाले सात डलरका दरले बुझाउनु भयो। त्यस्तै दीपक, लोक, हरि, विश्व, लव, प्रवीण र मैले पनि एडभान्स स्वरूप बुझायौं। त्यसपछि बाँकी प्रवचन सिध्याएर आ-आफ्नो होस्टेलतर्फ लाग्यौं।

यसकै सन्दर्भमा बीचका दिनहरूमा फिलिम काल्डरले क्रेडल माउन्टेनको बारेमा व्याख्या गर्दैरहिन्। तस्मानियाको सबैभन्दा अग्लो पर्वत हो। शिखरमा पुग्न निकै कठिन छ। घना जंगल भएकोले अष्ट्रेलियनहरू बुस वाल्कस (Bush Walks) वा जंगल ट्रेकिङमा जाने गर्छन्। धेरै अग्लो भएकोले न्यानो लुगा र पहाड चढ्ने जुत्ता हुनु जरुरी छ। नत्र जाडोले कक्रिने र पहाड उक्लन संभव छैन। सीमित समय छ हाम्रो। उक्लन गाह्रो छ। तैपनि तपाईहरू उक्लन चाहनु हुन्छ भने सक्नुहुन्छ। छोटो समय भएकोले कोही पनि अष्ट्रेलियन उक्लन चाहँदैनन् आदि। अपत्यारिलो कुरा सुनेर ओठे जवाफ दिउँ जस्तो लाग्यो। हामी माउण्ट एभरेष्टको देशबाट आएको। तिम्रो पहाडको उचाई कति छ र बिनासितिमा फुइँ हाँक्छौ ? एभरेष्टको उचाई त ८,८४८ मिटर छ। क्रेडल माउण्टेनको उचाई त्यो भन्दा बढी छ कि ? भनेर प्याच्चै भनिदिउँ जस्तो लाग्यो। तर मनमनै कुरा दबाएर राखें। किनकि उनीहरूको अधीनमा रहेको छु अहिले। त्यसैले उनीहरूको कुरा

सुन्नुपर्छ मैले ।

प्रत्येक अष्ट्रेलियनको मुखबाट क्रेडल माउण्टेनबारे गुड्डी सुन्दा सुन्दा दिक्क भए कानहरू । अब केही सोध खोज गर्नुपर्ला भन्ने निश्चय गरें मैले । "बाह्रै महिना हिउँ पर्छ र क्रेडल माउण्टेनमा ?" कुरै कुरामा एकदिन श्रीमती पोट्सलाई प्रश्न तेर्स्याए । त्यसबारे अनभिज्ञता जाहेर गरिन् श्रीमती पोट्सले । त्यस्तै युनिभरसिटी अन्तरगत कै भवन सर रेमोण्ड फेरल सेन्टरकी म्यानेजर शू रविन्सनसँग उचाइँको बारेमा जिज्ञासा राख्दा अनभिज्ञ रहेको बताइन् । आश्चर्य लाग्यो मलाई प्रसिद्ध माउण्टेन भनेर भन्ने तर त्यसको बारेमा साधारण जानकारीसम्म पनि नराख्ने शिक्षित अष्ट्रेलियनहरूप्रति दया जागेर आयो मनमनै । नजिकको तीर्थ हेला भनेर भन्ने गर्थे बूढापाकाहरू ठीकै रहेछ भन्ने लाग्यो मलाई ।

जे जस्तो भएतापनि क्रेडल माउण्टेन जाने प्रोग्रामको शुभ समाचार सुनेपछि कहिले २० मार्च आउला भनेर प्रतीक्षामा अल्झियौं हामी । कहिले मन चंगासरी क्रेडल माउण्टेनको पाखाभरि उड्न चाहन्थ्यो । कहिले लालीगुराँस फूल बनेर ढकमक्क फुल्न खोज्दथ्यो डाँडाभरि । कहिले गह्रौं गरी फेदीबाट उकाली चढ्न हतारिन्थ्यो मन । नयाँ ठाउँको रोमाञ्चकारी वातावरणमा घुलमिल हुन हतारिन्थ्यो मन । यस्तै प्रकारले दिनहरू ढल्दै गए । यथेष्ट दिन र समय पनि लुटपुटिन आइपुग्यो हाम्रो सामु । बुझाउनु पर्ने बाँकी डलर बोकेर हुर्रियौं हामी । म्यारिटाइम होस्टेल, केजरलेक हुँदै लेप्रेना होस्टेलतिर । तोकिएको समयमा भेला भयौं- नेपाली, मलेसियन, थाइ, जापानीज, इण्डोनेशियन र सिंगापुरे विद्यार्थीहरू । बसहरू बिस्तारै गुड्न थाले । मोब्रे, लन्सेस्टन, डेलारैन, मोलक्रिक हुँदै स्वान सी (Swan Sea) मा पुगेर विश्राम गर्‍यो बसले ।

चिया खानेले चिया खाए । कफी खानेले कफी । फोटो खिच्नेले फोटो खिचे । सुन्दर पेन्टिङले भरिएका भवनको भित्ता देखेर लोक बहादुर, दीपक, हरिकुमार र मेरो फोटो खिचिदिनु भयो प्रवीणले । तत्पश्चात् एउटा उपहारको सामान बेच्ने पसलमा छिर्‍यौं लुरुलुरु । पसले निकै मजाको र रसिक रहेछन् । साधारण परिचयको आदान प्रदान भयो । एभरेष्ट र स्वयम्भूको स्टीकर पसलको शोकेशमा टाँस्न अनुरोध गर्दै दिएँ मैले । उनले आफ्नो पसलको एडभरटाइज भएको चुम्बकीय स्टीकर थमाई दिए मेरो हातमा । छोटो ब्रेकको लागि रोकिएको हुँदा धेरै कुरा बुझ्न र हेर्न समयले सहमति दिएन हामीलाई । तर स्वान सी स्वान नदीको तिरमा अवस्थित हुनाका साथै सन् १८२० देखि बसोबास शुरू भएको हुँदा ऐतिहासिक पनि छ । साथै पर्यटकीय दृष्टिकोणले पनि निकै महत्वपूर्ण रहेको छ । स्वान सी । स्वीमिङ, फिसिङ, वीच सेल्टर (Beach Shelter) एवं अन्य स्पोर्टहरूको सुविधाले परिपूर्ण भएको स्थान स्वान सी को बेग्लै अस्तित्व रहेको छ । तस्मानियामा । केवल यी सूचनाहरू पत्रिकामा पढ्नुमा नै सीमित रह्यो । पर्याप्त समय नहुनाले स्वान सी को आकर्षण बटुल्न नपाई कोच्चिएँ म बसमा ।

बस आफ्नै गतिमा बढ्न थाल्यो क्रेडल माउण्टेनको दूरी छोट्याउन । करीब बिहानको ११ बजेर ५ मिनेट जाँदा क्रेडल माउण्टेनको बस स्टपमा पुग्यौं । बस स्टपदेखि केही वर थुप्रै रेष्टुराँ र होटलहरू ग्राहक पर्खेर बसिरहेका छन् । बस स्टपमा एउटा सानो पाटी जस्तो एकतले घर मात्र रहेछ । त्यसैले आधि भागमा ट्वाइलेट निर्माण भएको छ । बस स्टपबाट माउण्टेनतर्फ जाने बाटोको मुखमा क्रेडल माउण्टेनबारे जानकारी लेखिएको

काठको बोर्ड राखिएको छ । बिचरा क्रेडल माउण्टेनको उचाई १५४६ मिटर मात्र रहेको थाहा पाउँदा आश्चर्य लाग्यो मलाई । यामानको पर्वत होला । हेर्दै कहालिलाग्दो होला भन्ने अनुमान गरेको थिएँ मैले । तर आफै बेवकूफ भएको महसूस गरें अहिले । क्रेडल माउण्टेनको शिखर पुग्न समय पाएमा कुनै ठूलो कुरा सम्झिन मैले । हुन पनि यस्ता पर्वतहरूको उचाइ मैले धेरैपल्ट नापी सकेको छु नांगा पाइतालाहरूले । अचम्भित बने आफैं एकाएक । थाई, जापानीज लगायत अन्य मित्रहरू शिखर पुग्न हिच्किचाएर दाँया र बाँयाका बाटोमा लागे । नेपालीहरू मात्र बीचको बाटो हुँदै क्रेडल माउण्टेनको फेदीतिर लाग्यौं ।

क्रेडल माउण्टेन डभ लेकको किनारामा ठिंग उभिएको छ । डभ लेकको निलो पानीमा आफ्नो अनुहार हेर्दै सिंगारिने काम गर्दछ क्रेडल माउण्टेनले । लेकको पानीको बीचमा गएर फोटो खिच्ने रहर जाग्यो हामीलाई "यार सम्झनाको लागि एउटा फोटो खिची देउन त्यहाँ" लेकको बीचको ढुंगा देखाउँदै दीपकले प्रवीणलाई भने । "हो हो हाम्रो पनि सिंगल फोटो खिच्ने है" एकै स्वरमा लोक, विश्व र मैले भन्यौं प्रवीणजीलाई । क्यामेरा भएकाहरूमा लव र प्रवीण मात्र हुनु भएकोले राम्रो दृश्य भएको ठाउँमा फोटो खिच्न वहाँहरूसँग अनुनय विनय गर्नुपर्ने विवशता साँचेका छौं हामीले । चिनोस्वरुप एक एकवटा फोटो खिचेपछि क्रेडल माउण्टेनको गालामा म्वाइ खान उक्लियौं उकालै उकालो । नेपाली न्याना पाइतालाहरू सलबलाए क्रेडल माउण्टेनको पवित्र माटोभरि । जंगल भने जस्तो घना छैन । पातहरू झरेर उजाडिएका छन् । मध्यान्हको तातो घामले ढाड राम्ररी सेकाई दिँदैछ हाम्रो । जे जस्तो परिस्थितिको सामना गर्नु परे पनि नेपाली वीर जातिको परिचय गराउन उद्दत छौं हामीहरू । हुन पनि यत्रो पहाड चढाइमा जापानी, थाइ, मलेसियन, इण्डोनेसियन विद्यार्थीहरू मध्ये कोही पनि सामेल भएनन् हामीसँग । करीब चालिस मिनेटको उक्लाई पछि क्रेडल उपत्यकाको रमणीय काखमा एउटा विशाल ताल लमतन्न परेर सुतेको पायौं हामीले । शायद हामी आएको थाहा पाएन उसले । आरामले हो कि बिरामले सुस्ताइ रहेछौं लेक सेन्ट उक्लेर सुटुक्क सोधें मैले ।

सिसिरि हावाले अलिकति हल्लाउँदै लेक सेन्ट क्लेरको माथिल्लो पानी आफ्नै बेगसँगै लग्यो पर पर । मानौं ताल चल्माउँदै उठ्न खोज्दैछ नेपालीहरूलाई स्वागत गर्न । यसबेला हिमताल भनेको यही होला भन्ने अड्कल काटें मैले । तस्मानियाको अत्यन्तै उच्च भागमा अवस्थित यो ताल र क्रेडल माउण्टेन विश्व सम्पदा सूचीमा परेको छ । यहाँ प्राकृतिक ताजा पानी हुनुका साथसाथै १९० मीटर गहिरो रहेको कुरा पनि थाहा पाएँ मैले ।

अष्ट्रेलिया भरिमा तस्मानियाले यो ताल पाउनु पनि ठूलो सौभाग्य हो भन्ने मलाई लाग्यो । केही बेर तालसँग भलाकुसारी गरी क्रेडल माउण्टेनसँग न्याना हातहरू मिलाउन चढ्न थाल्यौं उकालो । मध्यान्हको सूर्यले शरीरको पानी सुकाएर सुकुटी नै बनायो हामीलाई । करीब सवा बाह्र बजे क्रेडल माउण्टेनको हाराहारीको डाँडा तर एकसय पचास मीटर जति होचो पहाडको शिखरमा पुग्यौं । हावा सरर चल्यो शिखरमा । आनन्दको अनुभूति भयो हामीलाई । "क्रेडल माउण्टेनलाई छाँयामा पारी फोटो खिच्न पाए हुन्थ्यो हाम्रो" प्रवीणले भन्नुभयो । एकजना अष्ट्रेलियन हाम्रै छेउमा ओहोर दोहोर गरेको पाउँदा झटपट अनुरोध गरें मैले । "एस्क्यूज मि, क्यान यू हेल्प अस !" क्यामेरा खेलाउँदै भने मैले । "ओके इट इज नट प्रब्लोभ" मेरो हातबाट क्यामेरा लिँदै उनले

भने । नयाँ ठाउँ, नयाँ देश र अपरिचित व्यक्तिमा पनि अरूको रहर बुझ्ने क्षमता हुन्छ । त्यसैले त अपरिचित व्यक्तिले निशर्त मेरो कुरामा सहमत भएर क्यामेरा लिएर फोटो खिची दिन स्वीकार गरे । फोटो खिच्ने सिलसिलामा खल्लो लागिरह्यो मलाई । देवराजजी आउनु भएन लन्सेस्टनबाट नै । क्रेडल माउण्टेनको फेदीसम्म आएर पनि हरिकुमार थापा र लवजी शिखर उक्लन मान्नु भएन । वहाँहरू तलै छुट्नु भयो । अब क्रेडल माउण्टेनको शिरमा फोटो खिच्दा वहाँहरू छुट्नु हुन्छ । संयोगको रमाइलो बेलामा छुट्नु भयो वहाँहरू । फेरि यहाँ आइपुगेर फोटो खिच्ने समय र संयोग कहिल्यै मिल्ने छैन हामीलाई । यही कुरा सम्झेर चुकचुकाएँ धेरै बेर म । गाँस छोड्नु साथ नछोड्नु भन्ने नेपाली उखानको नेपालीहरूले नै पालना गर्न सकेनौं । त्यसैले त होला माउण्टेन खुलेर मुस्काएको जस्तो पटक्कै लागेन मलाई । यदि पहाडले सोधी हालेको खण्डमा चित्तबुझ्दो जवाफ पनि छैन मसँग । पहाड नदेख्ने नेपाली भनौं भने हिम चितुवाको देशबाट आएको । आफै रन्थनिए केही छिन् ।

शिखरलाई पछाडि पारेर दीपक, प्रवीण र लोंक पंक्ति मिलेर उभिनु भयो । वहाँहरूको अगाडि विश्व पनेरु र म टुक्रुक्क बस्यौं । "रेडी" क्यामेरा लिने अपरिचितले भने । त्यसपछि दुई स्नाप फोटो खिची दिएपछि क्यामेरा मेरो हातमा थमाइ दिए । "अ लट्स अफ थ्यांक्स्" मैले भने । "वेलकम" भनेर साथी भएतिर घस्किए उनी ।

पहाडमा जन्मी, हुर्की, खेली बढेका हामीलाई अग्ला खरखरे डाँडामा घुम्न पाउँदा रमायौं बेस्सरी । क्रेडल माउण्टेनको छेउ छाउका भागहरू बिस्तारै अग्लिदै आएका छन् र बीचमा एकाएक उठेर आएको छ । जमिनमा सुतेको साँढेको कल्पना गरेमा ठ्याक्कै मिल्ने खालको छ माउण्टेन । साँढेको ढाड, गर्दन र टाउको मानेर अनुमान गर्नुभयो भने क्रेडल माउण्टेनको नक्सा उत्रिन्छ । बीचको भन्ज्याङको दाँया चुचुरा सानातिना र अग्ला शिखर हुँदै अग्लिएको छ भने बाँया तर्फको शिखर मानामा भुसिएको धान जस्तै छ । एक प्रकारले उजाडिलो पर्वत श्रृंखला भएता पनि आनन्ददायक छ । मनलाई आकर्षण गर्न सक्ने क्षमता प्रकृतिले दिएको छ यसलाई । रूख बिरुवाहीन डाँडा उराठलाग्दो छैन । मान्छेसँग कति नै फुर्सदिलो समय हुन्छ र ? विवशता छ हामीसँग । पहाडको शिखरबाट माथि हेरें आकाशतर्फ । बृहत् आकाशमा निलो रंग पोतिएको छ । ठाउँ ठाउँमा सिकारु चित्रकारले चित्र बनाउन खोजे जस्तै बादलका सेता टुक्राहरू असुहाउँदो तरीकाले बन्दै दिन ढल्दैछ आज । आरामको लागि बस्ने काठको बेञ्च पनि बनाइ दिएको रहेछ पहाडको काखमा । केही बेर खुला हावाको सिरसिरे बेगलाई रोक्दै सुस्तायौं हामी ।

"बिस्तारै ओरालो नलाग्ने" दीपकले भने । अलिकति सबैको ध्यान खिचियो बसतर्फ । बस दुई बजे फर्कने कार्यक्रम छ । त्यसैले समयको डोरीले खुम्चायो हामीलाई । गाह्रो भारी उचाले जस्तै बेञ्चबाट उठ्यौं हामी । गोजीमा छामछुम गरेको त सगरमाथा र अन्नपूर्णाको स्टीकर रहेछ मसँग । बेञ्चको माथिल्लो फल्याकमा ट्यास्स टाँसी दिएँ मैले । त्यसपछि बिस्तारै ओरालो लाग्यौं हामी । बस स्टपले निरन्तर तानिरह्यो हामीलाई तल तल फेदीतिर .. ।

*भोजपुर, हाल: काठमाडौं ।*

कविता

# हाँसी हाँसी बाँच्नु पर्छ



✍ सुभाषचन्द्र पौड्याल
'भीमफेदिया'

सागरले पनि आँधी बेहोरेको हुन्छ
पहाडले पनि पहिरो भोगेको हुन्छ
कोमल कोमल फलफूलको थुंगा पनि
असीना बतास खपेर हाँसेको हुन्छ
हामी त मान्छे हौं
चोट र खोट पिएर पनि
दुई ओंठ सधैं हाँस्नु पर्छ ।

बिहान पूजा र बेलुकी आरती पाउने
मन्दिरमा प्रतिस्थापित मूर्तिले पनि
ईश्वरको रूपमा मूर्ति बन्नु अघि
कुनै शिल्पकारको हजारौं हथौडी सहेको हुन्छ
हामी त मान्छे हो,
अनेक ठक्कर र प्रहार खाएर पनि
हाँसी हाँसी बाँच्नु पर्छ ।

# गजल

✍ श्रेष्ठ प्रिया 'पत्थर'

देउता खोज्न मन्दिर मस्जिद धाउन थाले मान्छेहरू
मनको शान्ति ऐश्वर्यमा, पाउन थाले मान्छेहरू

गाइने र भाट पनि गीत गाउनमा पछि परे
जैलेदेखि धनको गीत, गाउन थाले मान्छेहरू

मानवताको हत्या गरी, फेरि मान्छे भनाउनलाई
तीर्थ गई चोखिएर, आउन थाले मान्छेहरू

समाजमा सम्मान पाउन, दान चन्दा केही दिई
टपर्टुय्याँ व्यक्तित्वलाई, छाउन थाले मान्छेहरू

रगतको नाता पनि, टाढा हुँदै जान थाल्यो
पैसासित जब साइनो, लाउन थाले मान्छेहरू

लघुकथा

# रूप प्रतिरूप

✍ खडक राज गिरी

थाहै नपाई उसले चियाइसकेकी हुन्छे होटलको तेस्रो फ्लोरबाट । जब मेरा अवशिभूत त्यान्द्रा चट्ट विचारधाराको लहरी चुँडेर ऊमा केन्द्रिभूत हुन्छन् । एउटा मौन भाषाले हामी माझ जरा हाल्छ ऊ पनि गाहक, म पनि गाहक; तर हामी माझ दुबैको होटेल एउटै हुँदैन । अभाषित एउटा खाडल/शून्यता दुई होटेलको माझ !

ऊ बोलेकी हुँदिन: तिमी कहाँबाट आएका हौ ? एउटा प्रश्न
गुडुलिन्छ अभाषित चञ्चल आँखाका गोरेटाबाट ।
भूइँका आँखालाई बिस्तारो अनन्त क्षितिजको डुब्दो रोशनीतिर
फाल्दै म चल्बलाएको हुन्छु: टा-ढा, धेरै टाढाबाट ।
उसको टाउको हल्लेको हुन्छ: सम्झे झैं/बुझे झैं ।
काननको स्वच्छन्द मृग र मेरो मनु/आकाशका तारा र मेरो मनु ।
स्वच्छन्द मृग मेरा निश्चल आँखाभित्र/आकाशका तारा मेरा स्थिर आँखाभित्र; तर होइन मेरा आँखाबाट धेरै टाढा- एउटा लामो यात्रा/एउटा लामो कथा । म उल्लास दगुर्न थाल्छु- विषादका खाडलभित्रबाट बह पोख्ने सम्पूर्णताको रूप बेसाउन ।
बान हानेको मान्छे जस्तै मेरो पूर्ण यात्राको टुंग्याइमा ऊ नचलबलाई
'स्टयाचु' बनी उभिरहन्छ मानौं ऊ जड हो/मुढ हो । मैले स्वयंलाई थाम्न नसकी उसमा सम्पूर्णताको न्यानो सप्को हाल्छु ।
ऊँहूँ ! क्रिया-प्रतिक्रिया केही हुँदैन । बरालिएको चैतन्यता
बतासको स्पृश्यतासाथ सिरिङ्ग हुन्छ । ऊ त्यहाँ हुँदिन-
प्रतिरूप हुन्छ ।

*- डिगबोई (असम)*

४७ औं राष्ट्रिय प्रजातन्त्र दिवसको शुभ अवसरमा सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै समस्त देशवासीहरूको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।
**- निरज कुमार सर्राफ**
वी.न.पा. वडा सदस्य नं. ८

समालोचना

# 'हारजित' कथा एक विवेचना

कपिलमणि शर्मा

'हारजित' भिक्षुका उत्कृष्ट कथाहरू मध्येकै एक हो । उनी यौन मनोविश्लेषणमा मात्र होइन सामाजिक जीवनको चित्रांकन गर्नमा पनि कुशल देखापर्छन् । यसमा नेपालका तराइ भागको ग्रामीण जीवनको चित्र उतारिएको छ । गाउँका विशेष परिस्थितिमा विशेष सरोकार राख्ने गाउँका विशेष प्रतिनिधि पात्रहरू सोही गाउँमा व्याप्त मानसिक क्षोभ र उत्तेजनाको वातावरण, रहनसहन, सोचाइ र समस्या प्रस्तुत गरिएको छ ।

यसमा पनि भिक्षुका अन्य कथामा झैं कथावस्तुको मूलकारण यौन रहेको छ । यसको केन्द्रीय पात्र सोनवा हो । उसको लोग्ने गोज्यांग्रो छ, गाँजा खाएको बेला उसलाई पिट्ने गर्छ । उसले पतिबाट राम्रो व्यवहार समेत पाउन सक्तिन । साह्रै असह्य भएर ऊ मनोहरको घरमा मजुरी बस्न जान्छे । मनोहरको छोराले उसलाई फकाउन थाल्दा "मेहनत मजुरी जतिसुकै गराएर खान देऊ, तर मेरो सत नबिगार । गोज्यांग्रो भएपनि यसै गाउँमा हात्ती झैं लोग्ने उभिरहेको छ ...... " भन्ने उसको कथनले उसभित्रको विद्रोह अतृप्ति र चारित्रिक स्थितिलाई संकेत गर्दछ ।

ऊ नामानुसार जति राम्री देखिन्छे उसको काम पनि उत्तिकै राम्रो लाग्दछ । यसकै कामले अलगुवाको घर उज्यालो भएको छ । उसको कामको लोभ अनि आफ्नो महत्ता स्थापित गर्ने निहुँमा मनोहर उसलाई राख्दछन् । भिक्षुका अन्य कथामा झैं यसमा पनि नारी मानसिकताको उत्खनन गरिएको छ । पुरूषको दासत्व र शोषणभित्र पिल्सिन परेको स्थिति, सौन्दर्यको खानी भएर पनि लोग्नेको नसुधिएको बानी, नारीको मर्म र पीडालाई बुझ्न नसक्ने गजडी लोग्नेलाई बेहोरेर तिनलाई तह लगाउन नसकी उल्टै पिटाइ झेल्नु पर्ने अनि विद्रोह गर्दा पनि त्यसको रहस्य बुझ्न नसकी बाहिरी तवरबाट गरिने आलोचनालाई पनि चुपचाप सहनु पर्ने, अन्यायमा परेका नारीको चित्रणले कथाभित्र राम्ररी जरा हालेको छ । अन्याय कुन सीमासम्म सहने ? बन्धनमा जेलिएर मर्यादाको कतिसम्म निर्वाह गर्ने ? नारी समस्याबाट सिर्जित प्रश्नहरू हुन् ।

ग्रामीण धारणाले कस्तो जरा हालेको छ भन्ने कुरा कक्षाभित्रकै पंक्ति उदृत गरी विचार्न सकिन्छ जस्तो "सिन्दूर हालेर ल्याएकी स्वास्नी नै हो नि, लोग्नेले कहिले पिट्छ त कहिले काखमा पनि बसाल्छ तर यसले त अचाक्ली नै गरी" तयफवाको यो बोली समस्त गाउँका नारीको बोली हो । नारी नै नारीका हक र अधिकारको निम्ति बाधक बनेका छन् भन्ने कुरा यहाँ देखिएको छ । यसमा लोग्नेको अर्धेल्याँइलाई नघोची सोनवालाई नै

हपारिएको छ । आलोचना पत्रिकाको रुपमा रहेकी तयफवाले आदर्श होइन यथार्थ धारणा कै प्रतिनिधत्व गरेकी छ । उसबाट प्रगतिशील दृष्टिकोण व्यक्तिएको छैन ।

आर्थिक रूपले दरिद्र रहे पनि विचार र निर्णयका धनी न्यायदाता र मर्यादापालकका रुपमा घुरहुलाई गम्भीर र जटिल परिस्थितिमा पनि कसरी न्याय सम्पादन हुनुपर्छ भन्ने आदर्श पात्रको रूपमा प्रस्तुत गरिएको छ । फाटफुट नबोल्ने तर बोले पछि कसैले टाल्न नसक्ने एक कुशल प्रशसंकीय गुण घुरहुमा सृष्टि गरिएको छ । एउटा सामान्य गाउँले भौतिक समृद्धि र शास्त्रीय ज्ञानभन्दा पर रहेर पनि समस्याको गहिराइमा डुबुल्की मारी निर्णयको मोती कसरी निकाल्न सक्छ भन्ने व्यावहारिक पक्षलाई उद्घाटन गरिएको छ । आर्थिक सम्पन्नताको आडमा प्रशासकीय गुण प्रदर्शन गर्नेहरूलाई घुरहुको चरित्रले ठूलो हाँक र चुनौती दिएको छ । आर्थिक सम्पन्नताको अहम्मा पौरिएर प्रशासनिक बलात्कार नहोस् भन्ने पक्षमा समेत घुरहुको चरित्र प्रस्तुत भएको छ । आफ्नो चिन्तन र एकाग्रतामा दरिद्रता बाधक बनेर आउला तर बढी दारिद्रिकताबीच पनि न्याय साधक भएर महाभारतको कर्णले झैं न्याय युद्धमा हुँकार गर्न सक्तछ ।

सोनवाकै चारित्रिक समस्याको आधारमा धुरहुको न्यायपरायणता गाउँभित्र आफ्नो प्रभावपूर्ण स्थिति र विशिष्ट त्यागको महत्ता स्थापित भएको छ । अलगुवा, बदरिया, उतराहे, महतिनी आदि पूरक पात्रहरू घुरहुकै निर्णायक क्षमतालाई प्रष्ट पार्न प्रस्तुत भएका छन् । जब गाउँमा जटिल समस्याको घडी आउँछ तब किसानहरूले आकाशको बादल हेरी वर्षाको आश गरे झैं सबै दृष्टि घुरहुमै केन्द्रित हुनु स्वयं घुरहुकै निम्ति गौरवको विषय हो । उनी आफ्नो निर्णायक क्षमतालाई सबैका सामु विशिष्ट तुल्याउन मौकामा ठूलो त्याग गर्न पनि पछि पर्दैनन् । कथाकारकै शब्दमा "महतोको यो बानी, यो अनुहार एउटा संकल्पको परिचायक भनी गाउँका सारालाई थाहा थियो । जो कोही कसैको वा गाउँमा आइपरेको आपत विपतमा घुरहु महतो अन्तिम अवलम्ब थिए र महतोको त्यस्तो अनुहार कुनै निर्णायक शक्ति हो भन्ने सबैको अनुभवमा परिचित थियो । हुनत गाउँमा महतो कुनै धेरै जायजेथाका बढ्ता खेत वा ठूलो घर भएका व्यक्ति थिएनन् ।" यसरी यस कथामा घुरहु प्रमुख पात्रका रूपमा देखा परेका छन् ।

मनोहर धनका धरोहर देखा पर्छन् । आर्थिक संकट परेको बेला उनी समक्ष शरण पर्न आउने आर्थिक क्षमता मात्र होइन बौद्धिक क्षमता समेत राख्दा राख्दै पनि बुद्धि वर्कतको ओत लाग्ने बेला अरूसँगै गुहार माग्ने गाउँलेहरूको प्रवृत्तिले मनोहरमा इर्ष्या भाव जाग्नु अस्वाभाविक होइन । गाउँलेहरूले विश्वास गरे उनले त्यसको संरक्षण गर्न नसक्ने होइनन् । उनबाट गाउँलेहरूले न्याय मागे । उनको बुद्धिले जोख्न नसक्ने होइन । आर्थिक आपत परेको बेला प्रयोग गर्ने तर न्याय निसाफमा घुरहुको मात्र एकछत्र राज्य रहन गई घुरहुकै मात्र अतिशय प्रतिष्ठाको वर्चस्व रहिरहने स्थितिमा मनोहरले खडा गरेको चुनौती पनि आफ्नो ठाउँमा ठीकै देखिन्छ । गाउँलेहरूको एकोहोरो सन्मानको दृष्टि वा सन्मानको समतापूर्ण दृष्टिको अभावलाई तोड्न नसक्ने भन्नेहरू पनि कच्चा खेलाडी

देखिदैनन् । सोनवा घुरहु कहाँ बसे कसैमा शंका नउठ्ने तर मनोहर कहाँ बसे विश्वासको संकट पैदा हुने स्थितिले नै समस्यालाई जटिल तुल्याएको छ । यहाँ व्यक्ति मनोहरलाई होइन धनार्जन गर्नेहरूप्रति नै गरिएको आशंका हो कि ? विश्वासमा संकट तेर्स्याउने पात्रको रूपमा मनोहरको पुत्र देखिन आएको छ । मनोहरको पनि त्यस्तो स्वच्छ चारित्रिक श्रृंखला छैन जसलाई गाउँलेहरूले विश्वास गरून् । नारी जातिसँग सम्बन्धित कुरा भएकोले र पुरुषका वासनागत प्रतिक्रिया नारीहरूले नै पहिचान्न सक्ने विषय भएकोले तयफवाबाट मनोहरको मानसिक स्थिति उजागर भएको छ । हुनत गाउँलेहरू सबैले आफ्नो मन दिए ती सबैलाई आकर्षित गरेर नामानुसारी मनोहर बन्न नसक्ने पनि देखिदैनन् । तर गाउँले बृत्तिको संरचनामा घुरहुको मात्र मर्यादा कायम हुनु मनोहरका निम्ति निश्चयनै चिन्ताको विषय हो । विश्वासमा नै समस्याको समाधान निस्कन सक्छ यहाँ विश्वासहीनताका प्रतीक मनोहरलाई विश्वासमा लिएर जटिल हुने स्थितिको अन्त्य गराउने काम सोनवाको ठाउँमा रतियालाई राखेर भएको छ ।

मनोहरले कटनीको बेला मजुरीको महत्व देखाई जुन कुराको पासा आफ्नो पक्षमा पल्टाउन खोजे तत्काल घुरहुले मजुरीको सट्टा मजुरी दिएर प्रतिष्ठाको बाजी नमारेका होइनन् तर पछि घुरहुको सम्धी मनोहरको सन्मानमा रिफिएर घुरहुलाई पनि नभेटी रतिया लिएर गए त्यस कुराले प्रतिष्ठा खेलको जित घुरहुमा सीमित रहने स्थितिको अन्त्य भयो र गाउँलेहरूले गरेको शंकालाई घुरहुले विश्वासमा बदलेर जुन बाजी आफ्नो हात पारेका थिए त्यही विश्वासलाई मनोहरले संयतपूर्ण रूपमा आर्थिक शक्तिले सिंचेर आफ्नो प्रतिष्ठा विचलित हुन् दिएनन् । मनोहरको यस बुद्धिमत्तापूर्ण गोललाई घुरहुले पनि घोरिएर स्वीकार्ने पऱ्यो । विश्वास र अविश्वासको दोसाँधमा घुरहु र मनोहरको बुद्धिमतापूर्ण खेल प्रदर्शनबाट कुतूहलताको कलात्मक निर्वाह भएको छ । यहाँ कौतुहलता सामान्य स्तरमा होइन बौद्धिक स्तरमा एकोहोऱ्याएर पाठकका उत्कृट जिज्ञासालाई सन्तुष्टि प्रदान गर्दै आश्चर्यचकित तुल्याइ दिएको छ । कुतुहलताले समथर मैदान होइन कष्टको अनुभवलाई बिर्स्याएर बौद्धिकताको उकालो चढाउँदै सोचनशील तुल्याई बौद्धिक कसरत गराएको छ ।

यसरी यसका प्रमुख पात्र पक्षको रूपमा घुरहु र विपक्षको रूपमा मनोहर देखिन्छन् । दुबैको नैतिक बल र आर्थिक बलको रूपमा प्रतिस्पर्धा छ । दुबैका आ-आफ्ना युक्तिसंगत तर्कहरू आ-आफ्ना सशक्त रहेका छन् । दुबैको आर्थिक अवस्था र सामाजिक प्रतिष्ठाको परिचय गराउँदै दुबैका आ-आफ्ना क्षमताको राम्रो प्रदर्शन भएको छ । घुरहुको व्यक्तित्व अद्वितीय देखाइए तापनि दुबैको शक्ति र पहुँचलाई व्यवहारिक जीवनका सापेक्षतामा हेर्ने जमर्को गरिएको छ । न्यायका निम्ति घुरहुको आवश्यकता अनुभव हुन्छ भने आर्थिक संकटमा मनोहरको पनि उत्तिकै आवश्यकता अनुभव हुन्छ । दुबैको शक्तिको सिमांकन गर्दै दुबैको महत्व स्थापित गरिएको छ । यहाँ मनोहरले नै सोनवालाई राखेर प्रतिस्पर्धाको पृष्ठभूमि तयार पार्दछन् । मौकाका दुबै कुशल खेलाडी समकक्षी हुने स्थितिको सिर्जना गरी "गाउँका एउटा बलियो र अर्को गरीब तर दुई भिन्न मर्यादाका प्रतिस्पर्धीहरूमा

कसको जित भयो कसको हार भन्ने" प्रश्नात्मक कथनद्वारा दुबैबीच न हार न जित भएको निर्णय पेश गरी सम्पूर्ण विषय वस्तुलाई समेट्ने गरी हार जित शीर्षकलाई सार्थक तुल्याइएको छ ।

घुरहु र मनोहरको आदरार्थीमा कथाकारबाट गरिएको भिन्नताबाट पनि घुरहुकै महत्तालाई जोड दिएको बुझिन्छ । यहाँ घुरहुको निर्मल छवि प्रस्तुत गर्न कथाकारले निकै बहस गरेका छन् । कथाको आरम्भतिर मनोहरको यथार्थ चरित्र चित्रण प्रकट भएको छ भने कथाको अन्ततिर मनोहरको आदर्शचरित्रले पाठकको अवधारणा समेत मोडि दिन सफल भएको छ ।

तयफवालाई गाउँको आलोचना पत्रिकाको रूपमा लिइएको छ । गाउँका हरेक घटनाप्रति चासो राख्ने र तीतो पीरो व्यक्त गर्न सक्ने तयफवाको भूमिका पनि कथाभित्र महत्वपूर्ण देखिन आउँछ । मनोहरको महाजनी तागतलाई बुझेर पनि साहसपूर्वक उनको सामु उनैको आलोचना गरी तथ्य प्रकट गर्न तयफवाले पत्रकारिताको भूमिका सशक्त रूपमा निर्वाह गर्दै कथाको महत्वपूर्ण अंग भएको छ । यस्तै यस्तै हरेक पात्रहरूको भूमिकाले कथा योजना सशक्त र जीवन्त भएको छ । भिक्षुका पात्रहरू अन्य कामा झैं भावना र कल्पनामा नखेली अपेक्षाकृत आफ्ना भूमिकामा बढी सचेत र संयत देखिन्छन् ।

कथामा होस् वा नाटकमा, सामान्य हुन् वा विशेष हरेक पात्रहरू उद्देश्यपूर्वक आउनु पर्छ र तिनले आफ्नो निश्चित भूमिका निर्वाह गर्नुपर्छ । कुनै पनि पात्रको भूमिकालाई पन्छाउन नसक्ने तुल्याउनुमा नै उत्कृष्ट साहित्य बन्दछ । रूप र आयामलाई बिस्तार गर्ने अरूको पर्वाह नगरी आफ्नो विचार मात्र एकोहोरो फलाकी रहने पात्रबाट साहित्यिक स्तरीयता कायम हुँदैन । यस दृष्टिले यस कथालाई परीक्षण गर्दा यस कथाका हरेक पात्रहरूले कथाकारले तोकेको सीमाभित्र आफ्नो भूमिका कुशलतापूर्वक निर्वाह गरेका छन् । कथाको लक्ष्य प्राप्तिमा तिनको भूमिका महत्वपूर्ण देखिन आएको छ । कुनै पनि पात्रको भूमिकालाई पन्छाउनै नमिल्ने गरी कथनकीय आवरणमा समेट्ने कथाकारिताको विशेषतालाई बखान्नै पर्छ । कुनै पनि पात्रका अनावश्यक गन्थनहरूले पाठकलाई झिझोलाग्दो तुल्याएका छैनन् । तराइको सामाजिक संरचनाको प्रष्ट चित्र उतार्न अलि धेरै पात्रको भूमिका अपरिहार्य हुने हुनाले कथाको आकार प्रकारमा केही विस्तार आएपनि संगठनमा शिथिलता चित्र हुन्छ तर यहाँ सामाजिक जीवनकै विविध पात्रको चित्रण भएको छ अनि पात्रको बाहुल्य र प्रभावको पनि विविधताले उपन्यासकै आकारको करीव करीव पुग्न नसके पनि लघुतम उपन्यासको संज्ञा दिन के होला (?) कथाकारले कथाको योजनाभित्र आफ्नो भाव र विचारलाई पर्याप्त खेलाएर ठोस निर्णयमा कथालाई पुऱ्याई त्यसैमा बिट मारेर सम्पूर्ण विषय वस्तुलाई शीर्षकमा नफुस्कने गरी बाँध्ने कथाकारको सुन्दर सीपको सरहनी गर्नै पर्ने देखिन्छ ।

तृतीय पुरुष प्रधान भएपनि कथाले कथाको स्वाद मात्र होइन नाटकीय स्वाद समेत चखाएको छ । पात्रहरू मञ्चमा उत्रिए जस्तो भान हुने चाहिने कुरा मात्र चट्ट राखेर

स्थितिलाई झ्वाट्ट आफूले नियन्त्रित गर्ने खली पात्रहरूको बौद्धिक खेल देखाई कथाभित्र पनि नाटकीय गुण समावेश गर्न सक्ने कथाकारको विशेषतालाई पन्छाउन सकिन्न । क्लिष्ट र दुरूह शब्दको प्रयोग गरेर कौतुहलतामा झन आकर्षण थपिएको छ सुन्दर युवतीले मुस्कुराए झैं ।

मैनालीले पहाडी जनजीवनको यथार्थतालाई हुबहु रूपमा देखाउन आफ्ना कथालाई दर्पण तुल्याए झैं भिक्षुले पनि मानुँ त्यसरी नै तराइका जनजीवनको रीतिरिवाज, सोचाइ समस्या र जटिलतालाई छर्लङ्ग पार्ने यान्त्रिक क्यामरा बनाएका छन् । मनस्तात्विक ग्रन्थहरूलाई राम्ररी पर्गेलेर फुकाउन सिद्धहस्त कथाकार सामाजिक परिवेशको चित्र खिच्नमा पनि कुशल देखिन्छन् । यहाँ प्रमुख रूपमा सामाजिक परिवेशलाई चित्रण गर्ने उद्देश्य रहेपनि पात्रका अन्तर्प्रवृत्तिको झलक नआएको होइन । सोनवाले गरेको विद्रोह उसको अतृप्तिको परिणाम हो । घुरहुले घोरिइ रहने र मनोहरले मनमनै गुनिरहने स्थिति अन्तर्प्रकृति हो । सामाजिक परवेशको चित्रांकनका सन्दर्भमा यिनको मनोदशा समेत प्रकट भएको छ । मानसिक द्वन्द्वको टीका टिप्पणीमा केन्द्रित नरहे पनि घटनाहरूको सन्निवेशले मानसिक धारणालाई खुलस्त पारेको छ । गाउँको छातीमा मुंग दल्नु, सुन जस्तो अंग बंगाउनु, नजर ओत जस्ता आंचलिक उखान टुक्काको प्रयोग, अवलम्ब, वखेडा, बयस जंगरेत, जाजिम, दीदाकी दब्बर, बहुरिया, अख्तियार जस्ता नयाँ अनौठा क्लिष्ट आंचलिक पद पदावलीको प्रयोगले कथाको प्रभावकारितामा वृद्धि भएको छ ।

दुनियाँ भरिको वखेडाले नै पेट भरियो होला, तयफवा गाउँकी आलोचना पत्रिका थिइ, खेत खला उज्रिएर जाने भए जस्ता कथाभित्र कलात्मक कथनको ओइरो लागेको छ । जुन कुराले पात्रहरूको चरित्र प्रकाश पार्न र शैलीलाई मनोहर तुल्याउने काम गरेको छ । कलात्मक कथाले नै कवितात्मक स्पर्शता समेत प्रदान गरेको छ । व्याख्यात्मक शैली अंगालेर जनजीवनको विश्लेषण र चारित्रिक विशेषताको उद्घाटन गर्दा समीक्षात्मक तत्व र निबन्धात्मक तत्वको प्रयुक्ततामा पनि पाठकलाई कथारस पानकै अनुभव गराउनु कथाकारको कौशलता हो ।

**उपसंहार**– वर्णानात्मकता भएपनि सहजता संवादात्मकता भएपनि स्वभाविकता, क्लिष्टता भएपनि कथनको मनोहरिता दुरुहता भएपनि रोचकता, कठिन शब्दको प्रयोगमा पनि सुन्दरता, खज्मजिएको वाक्य योजना भएपनि रमणीयता स्वाभाविक घटना अनि वस्तु योजनाको कुशल तर्जुमाभित्र भावंविचार र शैलीको अपूर्व समन्वयले सम्पूर्णमा कथाको गुम्फनलाई अत्यन्त सुन्दर र उत्कृष्ट तुल्याएको छ । नेपाली कथाका उत्कृष्ट कथाहरूको पंक्तिमा यसलाई दर्ता नगरी हुँदैन ।

सहायक सन्दर्भ ग्रन्थसूची:

१) नेपाली कथा भाग-२
२) झ्यालबाट- ईश्वर बराल

इतिहास

# नेपालमा शासन सत्ताका निमित्त हत्याको राजनीति एक ऐतिहासिक विवेचना

✍ घनश्याम भट्टराई

**प्राचीनकालः**

राज्यशक्ति नै सर्वोच्च शक्ति रहेकोले उक्त शक्ति प्राप्तिका निमित्त महत्वाकांक्षी व्यक्तिहरूद्वारा हत्या र हिंसाको सहारा लिएका अनेकौं उदाहरण विश्व इतिहासमा पाउन सकिन्छ । छिमेकी राज्य भारतमै युगलकालमा शासकहरूको हत्या गरी राजगद्दी हासिल गरेका प्रशस्त घटना इतिहासमा वर्णित पाइन्छ । दिल्लीमा 'खिलजी वंश' को शासनका संस्थापक जलालुद्दीन खिलजी हुन् वा उनका उत्तराधिकारी अलाउद्दीन खिलजी हुन् हत्याकै राजनीतिबाट शासक बनेका थिए । त्यस्तै नसिरुद्दीन खुसरो, गियासुद्दीन तुगलक तथा औरंगजेबको सल्तनत पनि हत्याकै पृष्ठभूमिमा स्थापित भएको थियो । आधुनिक कालमा पाकिस्तानमा जुल्फीकर अली भुट्टो, बंगलादेशमा शेख मुजिबुर्रहमान तथा जियाउर रहमानको हत्या पनि राज्यशक्ति प्राप्तिको असीम महत्वाकांक्षाकै परिणाम थिए ।

नेपालको इतिहास पनि प्राचीनकालदेखिनै शासनशक्ति प्राप्तिका लागि भएका असंख्य रक्तरंजित हत्या र हिंसात्मक षडयन्त्रले भरिपूर्ण रहेको छ । इतिहासकारहरूले लिच्छवी कालका प्रख्यात राजा मानदेव प्रथमले आफ्नै मिता धर्मदेवको हत्या गरेर राजगद्दी हासिल गरेको उल्लेख गरेका छन् । राजा बसन्तदेवको शासनकालमा उनको कमजोर शासनबाट लाभ उठाई गुप्तवंशको उदय हुन गयो । रवि गुप्त एक शक्तिशाली सामन्त बन्न पुगे । यसै समयमा अर्का सामन्त क्रमलील पनि आफ्नो शक्ति अभिवृद्धिमा जुटेकाले केही समयपछि नै रवि गुप्त र क्रमलीलबीच सत्ता संघर्ष बढ्न गयो । परिणाम स्वरुप क्रमलीलद्वारा रवि गुप्तको हत्या गरियो र क्रमलील राज्यको वास्तविक शासक बन्न पुगे भने राजा नाम मात्रका रहे ।

राजा शिवदेव प्रथमको शासनकालमा अर्का सामन्त अंशुवर्मा शक्तिशाली निस्के । अंशुवर्माको बढ्दो उत्कर्षबाट जलेका गुप्तहरूले अंशुवर्मालाईनै खतम गरी शिवदेवलाई गद्दीच्यूत गरी शासन सत्ता हत्याउने षडयन्त्र गरे । तर अंशुवर्माले सो षडयन्त्रलाई विफल तुल्याई दिए र आफैं नेपाल राज्यको शासक बन्न पुगे । प्राचीन नेपालको इतिहासमा अंशुवर्मा नै 'महाराजाधिराज' पदवी धारण गर्ने एक मात्र शासक

थिए । अंशुवर्माको मृत्युपछि पुनः गुप्तहरू सक्रिय भए । जिष्णुगुप्त र बिष्णुगुप्तले राजा उदयदेव विरुद्ध षडयन्त्र रचे । यस षडयन्त्रमा उदयदेवका भाइहरू ध्रुवदेव र भीमार्जुन देवले पनि साथ दिए । यस संयुक्त विद्रोहमा राजा उदयदेव मारिए भने उनका छोरा नरेन्द्रदेव भागेर भोटमा शरण लिन पुगे । फलतः नेपालमा ई. ६२४ देखि ई. ६४१ सम्म गुप्त र लिच्छविको संयुक्त शासन चल्यो ।

भोटमा निर्वासित नरेन्द्रदेवले पनि ई. ६४१ मा एक विद्रोह गरी बिष्णु गुप्तलाई मारेर पुनः आफ्नो गुमेको राजगद्दी प्राप्त गर्न सफलता पाए । जसरी नेपालको इतिहासमा प्राचीन कालदेखि नै सत्ताका निमित्त हिंसात्मक राजनीतिको खेल प्रारम्भ हुन गएको थियो । यस हिंसात्मक राजनीतिको परिणाम स्वरूप नेपालमा लिच्छवि वंशको एकटंकार र क्रमवद्ध शासनमा व्यवधान आदि गुप्तवंश तथा वर्मा वंशहरू पनि शासक बन्न पुगे ।

**मध्यकाल:**

सत्ताका निमित्त हत्याको राजनीतिले मध्यकालमा निकै व्यापकता पायो । खासगरी यसकालमा भारदारहरूमा शक्तिको महत्वाकांक्षा तीव्र वेगले बढ्न गई भारदार भारदारबीच प्रतिद्वन्द्वीता बढेकाले हत्याको राजनीति नियमित खेल बन्न पुगेको थियो ।

चौधौं शताब्दीको पूर्वाद्धमा राजा रूद्रमल्लको मृत्यु हुँदा उनका छोरा नभएकाले छोरी नायकदेवी राजगद्दीको एकमात्र हकदार थिईन् । उनको विवाह काशीका हरिश्चन्द्रसँग भएको थियो । हरिश्चन्द्र स्वयं राज्यशक्ति हत्याउन प्रयत्नशील थिए । दिनानुदिन शासनमा उनको प्रभाव बढ्दै गइरहेको थियो । अतः उनका विरोधी भारदारहरूले षडयन्त्र गरी उनको हत्या गरिदिए । उनका भाइले हत्याराहरूसँग बदला लिने प्रयास गरे । तर जगतसिंहको नेतृत्वमा केही भारदारहरूले उनको पनि हत्या गरिदिए । पछि स्वयं जगतसिंह पनि कैद भए ।

सुधारवादी राजा जयस्थिति मल्लको शासन् पनि हिंसाजन्य राजनीतिबाट अदृश्य रहन सकेन । नाबालक राजा अर्जुन मल्ल राजगद्दीमा रहेको अवस्थामा जयस्थिति मल्लको शासन व्यवस्थामा दवदवा बढ्दै गइरहेको थियो । त्यसबेलाका प्रभावशाली भारदार जयसिंहराम बैवाहिक नाताको कारण मात्र शासनमा आफ्नो हकदावी गर्न अग्रसर जयस्थिति मल्ललाई मन पराउँदैन थिए । अतः उनले खुलेर जयस्थिति मल्लको विरोध प्रारम्भ गरे । दुबै पक्ष एक अर्कालाई खतम पार्ने युद्धमा उत्रे । अनेकौं भारदार तथा जनता काटिए । अन्तमा जयस्थिति मल्लकै विजय भयो । जयसिंह रामले पनि जयस्थिति मल्लसँग सम्झौता गर्नु पर्‍यो । यस घटनाको केही समय पछि नै जयस्थिति मल्लले अर्जुन मल्ललाई कैद गरी आफू राजगद्दीमा बसे । अर्जुन मल्लको कैदमै मृत्यु भयो ।

नेपाल राज्यका प्रतापी राजा यक्ष मल्लको मृत्यु पश्चात् उपत्यकाको मल्ल राज्यमा विभाजन प्रारम्भ भयो । यक्ष मल्लको मृत्युपछि केही समय सम्म उनका छोराहरूले संयुक्त शासन चलाए । जेठा राय मल्ल भक्तपुरको राजगद्दीमा बसे । कान्तिपुर र पाटनमा क्रमशः महापात्रहरू र सप्त कुटुम्बले प्रशासन हेरेको तर यसैबीच राय

मल्लका भाइ रत्न मल्लले कान्तिपुरका १२ जना महापात्रमध्ये एकलाई आफूतर्फ मिलाए र अन्य एघार जनालाई एक भोजमा निम्ता गरी विष खुवाई मारे र आफ्नो हातमा शासनाधिकार लिई कान्तिपुरको स्वतन्त्र शासक बने । आफू शासक बनेपछि आफ्नो पक्षका महापात्रको पनि हत्या गरिदिए ।

राजा महेन्द्र मल्लको मृत्युपछि राजगद्दीमा बसेका राजा सदाशिव मल्लले पनि आफ्नै भाइ शिवसिंहको षडयन्त्रको शिकारमै कैदमा मर्नु पर्‍यो । शिवसिंह राजगद्दीमा बसे ।

सोह्रौं शताब्दीको उत्तरार्द्धमा राजगद्दीमा बसेका राजा प्रताप मल्लको शासनको जग पनि हत्या र षडयन्त्रद्वारा निर्मित थियो । पिता लक्ष्मीनरसिंह मल्लको शासनकालका प्रभावशाली तर विश्वासघाती भारदार काजी भीम मल्लको छलकपट र षडयन्त्रको माध्यमबाट प्रताप मल्लले आफ्नै पितालाई कैद गरी राजगद्दी प्राप्त गरेका थिए तर पछि यिनै काजी भीम मल्ललाई प्रताप मल्लले काट्न लगाए । लक्ष्मी नरसिंहको पनि कैदमै मृत्यु भयो ।

प्रताप मल्लको मृत्युपछि कान्तिपुरमा राजाहरूको नाबालकपनबाट फाइदा उठाई भारदारहरू अत्यधिक शक्तिशाली बन्न गए । भारदारहरूबीच नै अब शक्तिका लागि प्रतिस्पर्धा हुन थाल्यो । यसै भारदारी संघर्षमा चौतारा देवीदास चिकुटीले प्रताप मल्लका एक मद्याहा छोरा मान्धाता सिंह तथा शक्तिशाली भारदारहरू ध्वजराज, हाकुमा र उनका छोरा समेतलाई मारेर कान्तिपुरको हर्ताकर्ता शासक बन्न पुगे । चिकुटीको चौताराकालमा राजा नृपेन्द्र तथा पार्थिवेन्द्र नाम मात्रका राजा रहन गए । तर हत्या र हिंसाको सहाराले शासनमा सर्वेसर्वा बन्न पुगेका चिकुटीको अन्त्य पनि दर्दनाक ढंगले नै हुन गयो । उनको बढ्दो शक्तिबाट जलेका अन्य भारदारहरू उनका विरूद्ध षडयन्त्रमा जुटे । अन्तत: अर्का प्रभावशाली भारदार चौतारा लक्ष्मी नारायण जोशीद्वारा राजा पार्थिवेन्द्र मल्ललाई विष खुवाई मारेको अभियोग चिकुटी उपर लगाइयो । देवीदास चिकुटी परिवारसहित भागेर पशुपति इलाकामा बस्न पुगे । तर त्यहींबाट चौतारा लक्ष्मी नारायणका मानिसहरूद्वारा पक्रेर ल्याई उनलाई कुटी कुटी मारियो । चिकुटीका परिवार पनि मारिए । इतिहासकारहरूका अनुसार वास्तवमा चौतारा लक्ष्मी नारायणले नै राजा पार्थिवेन्द्र मल्ललाई विष खुवाई मारेका थिए । उनले केही समयपछि नै पार्थिवेन्द्र मल्लका भाइ महीपतीन्द्र मल्ललाई पनि शिर काटी हत्या गराए र निस्कंटक शासन गर्न थाले । भनिन्छ, लक्ष्मी नारायणको रानी ऋद्धि लक्ष्मीसँग प्रेम सम्बन्ध थियो र उनी रानीको समेत समर्थनमा आफैं अधिनायक बन्न चाहन्थे । चौतारा लक्ष्मी नारायणको मृत्यु पनि स्वाभाविक हुन सकेन । उनका मुख्य दुश्मन चौतारा देवीदासका अनुयायीद्वारा यिनको पनि हत्या गरियो । उता पाटनमा पनि शासन सत्तामा ढलिमलि गरिरहेका ६ प्रधानहरूले राजा राज्यप्रकाशको आँखा फोडी मारेको घटना इतिहासमा उल्लेख पाइन्छ । मध्यकालको उत्तरार्द्धमा हिंसा र हत्याको राजनीति यति तीव्र हुन पुग्यो की प्राय:जसो शक्तिशाली भारदारहरूको मृत्यु

हिंसाद्वारा नै हुन गयो ।

## आधुनिककाल:

पृथ्वी नारायण शाहद्वारा नेपाल राष्ट्रको निर्माणसँगै आरम्भ भएको आधुनिककालको नेपाली इतिहास श्रृंखलाबद्ध हत्या राजनीतिका घटनाले रंगिएको पाइन्छ । पृथ्वी नारायण शाहको मृत्युको साथसाथै नेपाल दरवारमा सत्ता संघर्ष र षडयन्त्रको वीजारोपण हुन पुगेको थियो । राजा प्रताप सिंह शाहको शासनप्रति कम अभिरूचि तथा उनका उत्तराधिकारीहरूको नाबालकपनको कारण भारदारहरू शक्तिशाली बन्दै जाने परम्परा पुन: अगाडि बढ्यो । भारदारहरू अब परस्परमा नै शक्तिका लागि संघर्ष गर्न थाले । फलत: नेपालको इतिहासमा हिंसात्मक षडयन्त्र पुन: प्रभावित हुन पुग्यो । यस षडयन्त्रमा कैयौं पुराना भारदारको दुखान्त हुन गयो भने राजनैतिक पृष्ठभूमिनै नभएका अनेकौं व्यक्ति शक्तिशाली बन्न पुगे ।

अराजनीतिक चरित्रका राजा प्रताप सिंह शाहको शासनकालमा नेपाल दरवारमा शक्तिशाली बन्न पुगेका भारदारहरू उनको मृत्यु पश्चात् बहादुर शाह गुट र राजमाता राजेन्द्रलक्ष्मी गुटमा विभाजित हुन गई शासन सत्तामा आ-आफ्नो पकड कायम गर्न दुबै गुट एक अर्कोलाई खतम गर्नेतर्फ प्रयत्नशील रहे । शक्तिको यही प्रतिस्पर्धामा ई. १७७८ मा बहादुर शाहले राजमाता राजेन्द्रलक्ष्मीका प्रियमात्र भारदार सर्वजित रानालाई राजमातासँग अनैतिक सम्बन्ध रहेको आरोप लगाई काट्न लगाए भने राजमातालाई पनि कैद गरी शासनमा आफ्नो एकाधिकार कायम गरे । यद्यपि उनको यो एकाधिकार अस्थायी सिद्ध भयो ।

सत्ताका निमित्त भएको हिंसात्मक राजनीतिको अर्को शिकार कीर्तिमान सिंह वस्नेत बन्न पुगे । नाबालक गीर्वाणयुद्ध विक्रम शाहको पक्षमा गद्दी त्याग गरी रणबहादुर शाहलाई सन्यास ग्रहण गराउनमा यिनैको महत्वपूर्ण भूमिका रहेको थियो । सन्यास धारण गरेको केही समयपछि नै पुन: रणबहादुर शाहले शासनमा सक्रिय हुन खोज्दा शासन सत्ताका प्रमुख संचालक बन्न पुगेका भारदारहरूसित उनको संघर्ष हुन गयो । स्वामी महाराजा भारदारहरूको शक्ति सामू टिक्न नसकि बनारसतर्फ लागे । कीर्तिमान सिंह सर्वेसर्वा बन्न पुगे । तर सत्ताको मदले चूर बनेका भारदारहरूबीच मेल रहन सकेन । कीर्तिमान सिंह र दामोदर पाण्डेबीच घात प्रतिघात शुरु भयो । जेठी महारानी राजराजेश्वरीलाई हटाई सुवर्णप्रभालाई नायब बनाएकोले जेठी महारानी पनि कीर्तिमान सिंहका विरोधी बनेकी थिइन् । अन्तत: शक्तिको शिखरमा पुगेका कीर्तिमान सिंहको ई. १८०१ मा सुवर्णप्रभासँग अनुचित सम्बन्ध रहेको दोषारोपण गरी हत्या गरियो ।

अब नेपालको दरवारमा दामोदर पाण्डेको प्रभाव क्रमश: बढ्दै गयो । तर दामोदर पाण्डेको पनि स्वाभाविक मृत्यु भएन । अंग्रेजहरूको नजरबन्दीबाट स्वतन्त्रमै काठमाडौं फर्केका रणबहादुर शाहलाई बाटैमा रोकी पक्रेर काठमाडौं ल्याउन फौज सहित थानकोट पुग्दा उल्टै दामोदर पाण्डे कैद हुन पुगे । काठमाडौं आइपुगे पछि रणबहादुर

शाहले दामोदर पाण्डे, उनका छोरा रणकेशर पाण्डे लगायत अन्य केही भारदारहरूलाई काटी पुन: आफ्नो हातमा शासन शक्ति लिई प्रशासन संचालन गर्न थाले ।

नेपाल दरवारमा शासन शक्तिका लागि हिंसा र हत्याको जुन लहर उठेको थियो स्वयं स्वामी महाराज पनि त्यसबाट बाँच्न सकेनन् । उनकै सौतेला भाइ शेर बहादुर शाहीद्वारा ई. १८०६ मा उनको हत्या हुन गयो । रणबहादुर शाहको हत्या पश्चात् शक्तिको शिखरमा पुग्न व्यग्र भारदार भीमसेन थापाको षडयन्त्रद्वारा शेर बहादुर शाही लगायत करीव ९३ व्यक्तिको हत्या भयो । यस नरसंहार पश्चात् आगामी तीन दशकसम्म नेपालमा भीमसेन थापाको एकछत्र मुख्तियारी शासन कायम रह्यो ।

रगतको होली खेलेर सत्ताको शिखरमा पुगेका मुख्तियार भीमसेन थापाको अन्त्य पनि अत्यन्त त्राशदिपूर्ण ढंगले हुन पुग्यो । थापा गूट र पाण्डे गूटमा विभाजित नेपाल दरवारको दरवारीया राजनीतिमा जेठी महारानी साम्राज्यलक्ष्मी समेतको सहयोगमा शक्ति हत्याउन अधैर्य पाण्डेहरूको षडयन्त्रपूर्ण चालमा भीमसेन थापा फस्न पुगे । राजकुमार देवेन्द्रलाई विष ख्वाएको आरोप पहिले भीमसेन थापाको सर्वस्वहरण र कैद भयो । त्यस पश्चात् पाण्डेहरूकै भ्रामक प्रचारको कारण कैदमै भीमसेन थापाको आत्महत्या गर्न विवश भए । अब नेपाल दरवारमा पाण्डेहरूको बोलवाला बढ्न गयो । तर शासनमा पाण्डेहरूको वर्चश्व पनि स्थायी रहन सकेन । जेठी महारानी साम्राज्यलक्ष्मी तथा कान्छी महारानी राज्यलक्ष्मी पनि शासन सत्तामा आ–आफ्नो प्रभुत्व स्थापित गर्ने होडमा सामेल थिए । यसैक्रममा कान्छी महारानीद्वारा आफ्नो महत्वाकांक्षा सिद्धिका लागि माथवर सिंह थापालाई शक्तिमा ल्याइन् । माथवर सिंह थापाले कान्छी महारानीकै आड र समर्थनमा भीमसेन थापाका हत्यारा पाण्डेहरूको विनाश गरेर आफू एक शक्तिशाली प्रधानमन्त्री बन्न पुगे ।

राजा तथा रानी दुवैलाई वेवास्ता गर्दै आफूलाई नै अधिनायकको रूपमा स्थापित गर्न चाहने माथवरसिंह थापाको पनि अन्तत: ई. १८४५ मा राजा, रानी तथा जंगबहादुर समेतको षडयन्त्रद्वारा हत्या हुन गयो । उनको हत्या पश्चात् गगनसिंह शक्तिशाली भारदारको रूपमा देखायो । रानी राज्यलक्ष्मीका अत्यन्त प्रियपात्र गगनसिंह एक मन्त्री मात्र भएपनि शासनमा उनकै बोलवाला रहेको थियो । मुख्तियारको मातहतमा तीन पल्टन फौज मात्र थियो भने गगनसिंहको मातहतमा सात पल्टन फौज थिए । रानी राज्यलक्ष्मीसँग पनि उनको घनिष्ठतम सम्बन्ध रहेको थियो । उनको यस प्रकारको असीमित शक्तिबाट जलेका अन्य भारदार तथा स्वयं राजा राजेन्द्र समेतको षडयन्त्रको खेलको परिणाम स्वरुप ई. १८४६ मा गगनसिंहको पनि हत्या भयो ।

गगनसिंहको हत्या नेपालको राजनीतिक इतिहासमा एक निर्णायक मोड सिद्ध हुन पुग्यो । गगनसिंहको हत्यारा पत्ता लगाउने उद्देश्यले रानी राज्यलक्ष्मीद्वारा सबै भारदारहरूलाई कोतमा भेला हुन निर्देश दिइन् । तर कोतमा हत्यारा पत्ता लाग्नुको सट्टा भारदारहरूमै काटमार प्रारम्भ हुन गयो । यस भीषण नरसंहारमा जंगबहादुर र उनका

भाइहरू बाहेक प्राय अधिकांश भारदारको ज्यान गयो । केही भागेर ज्यान जोगाउन पुगे । 'कोतपर्व' का नामले प्रसिद्ध यस ऐतिहासिक हत्याकाण्डले सर्वाधिक शक्तिशाली शासकको रूपमा जंगबहादुरको हातमा हस्तान्तरण हुन गयो । फलत: आगामी एक शताब्दीसम्म नेपालमा राणाहरूको जहाँनिया शासन स्थापित हुन गयो भने राजाहरू सजावटका सुन्दर वस्तु बन्न पुगे ।

हत्या र हिंसाको जगमा निर्मित राणाशाही पनि हिंसाको राजनीतिबाट अछुत रहन सकेन । राणा परिवार भित्रैको सत्ताका लागि प्रारम्भ भएको पारिवारिक कलहले पुन: हिंसाकै मार्ग अपनायो । श्री ३ महाराज तथा प्रधानमन्त्री पदका लागि जंगबहादुरद्वारा निर्मित रोलक्रममा पछाडि परेका धीर शम्शेरका छोराहरूको सत्तामा पुग्ने आतुरताको परिणाम स्वरूप ई. १८८५ मा श्री ३ रणोद्दिप सिंह तथा जंगबहादुरका सन्तानको हत्या हुन गयो । अब धीर शम्शेरका छोराहरूको हातमा शासन सत्ता पुग्न गयो । आगामी ६५ वर्षसम्म शम्शेर परिवारले नै नेपाल राज्यको शासन संचालन गरे । यद्यपि यसपछि पनि सत्ताको निम्ति संघर्ष र षडयन्त्र चल्दै रहे । तर ती या त असफल सिद्ध भए या त तिनले हिंसात्मक रूप लिन पाएनन् ।

यसप्रकार नेपाल राज्यको इतिहास वीरता, शाहस, पराक्रम, स्वाभिमान तथा सामाजिक, सांस्कृतिक वैभवको मात्र इतिहास नभएर हिंसा, हत्या र षडयन्त्रको इतिहास पनि थियो भन्नु अत्युक्ति हुने छैन ।

श्रीमान सम्पादकवर्ग,
'सगर' त्रैमासिक वीरगंज, पर्सा ।
विषय: सगर पत्रिकाको सदस्यता बारे ।

*महोदय वर्ग,*

म तपाईंहरूको पत्रिका 'सगर' को ............... सदस्य/ग्राहक बन्न चाहेकोले नियमानुसार लाग्ने रकम................. चेक/ड्राफ्ट/नगद पठाएको छु ।

भवदीय

नाम थर: ................................................
स्थायी ठेगाना................................................
पत्राचारको ठेगाना:............................................
फोन नं. ..............................

**द्रष्टव्य:**

१. विशेष सहयोगी शुल्क वापत रू. ५,०००।-
२. विशिष्ट सदस्य शुल्क वापत रू. १,०००।-
३. आजीवन सदस्य शुल्क वापत रू. ५००।-
४. वार्षिक ग्राहक शुल्क वापत रू. ५०।-

१, २ र ३ का सम्बन्धित सदस्यहरूलाई आजीवन 'सगर' नि:शुल्क उपलब्ध गराइने छ ।

लघुकथा

# मन्दिर–आस्था

✍ दीपक 'कथित'

'तँ त अचेल मन्दिर धाउन पो थालेको छस् कि के हो ? तँ नास्तिक मान्छे किन यार ?'
'तँ पनि बुद्धु छस् कुरो अलि ढिलो बुझ्छस् ट्युवलाइट जस्तै । तैंले मन्दिर जानुको रहस्य बुझेकै छैनस् ।'
'के छ त त्यस्तो रहस्य ? कि तँ पनि आस्तिक हुन थालिस् हँ ?'
'होइन, हेर्न त्यो मन्दिरमा कस्ता कस्ता केटीहरू आउँछन् तँलाई के थाहा ? एउटीसँग त मेरो कस्तो चक्कर परिसक्यो ।'
'ए ! त्यसो भए म पनि जान्छु तिमीहरू सँगै ।'

उनीहरू कोठाबाट निस्कँदै थिए- पल्लो कोठाबाट चर्को-चर्को स्वरमा कुराकानी र हाँसो गुञ्जिरहेको थियो । उनीहरू पनि त्यही मन्दिर जाने तयारीमा थिए । त्यो हाँसो उसकी बहिनी र साथीहरूको थियो ।

४७ औं राष्ट्रिय प्रजातन्त्र दिवसको शुभ अवसरमा सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै समस्त देशवासीहरूको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

– राजेन्द्र प्रसाद गुप्ता

वी.न.पा. वडा सदस्य नं. १०

४७ औं राष्ट्रिय प्रजातन्त्र दिवसको शुभ अवसरमा सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै समस्त देशवासीहरूको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

– रमेशमान सिंह मल्ल

वी.न.पा. वडा सदस्य नं. ११

कविता

# सनाखत

✍ रमेश श्रेष्ठ

मस्तिष्क भरि
अग्निकुण्ड बोकेर
झम्टदै/भिड्दै
वर्तमान !
मस्तिष्कभरि
आक्रोश बाँचिरहेका छन्
मान्छे भनाएर ।
सपनामा जब मान्छे
फोहर सोहोरेको देख्छन्
तब भित्ताहरू क्रमश:
फोर्न थाल्छन्
सु-सपनाको फल सम्झदै
जब अनुहारको आकारमा
फोरिदै जान्छ भित्ताहरू
निस्फीक्री बोल्न थाल्छन्
आक्रान्त मन बोकेर ।
हतारिदै हातभरि
आफ्नो मस्तिष्क राखिदिन्छ
शरणार्थीले झैं
तब चित खाएर

उ एकचोटी घोरिन्छ र
निर्क्यौल गर्छ
आयातित मस्तिष्क वीर
मान्छेहरू माझको
उत्कृष्ट मान्छे ।
उसको घोषणा सँगै
सपनाहरू रंगीन थाल्छन्
र बर्बराउदै जान्छ उ
किन व्याप्त छ सपना
मान्छेहरू माझ ?
के सपनाहरूको विरुद्ध
मान्छे उक्लन/ओर्लन सक्छ ?
किन भित्ताहरू सपना देख्दैनन् ?
अकस्मात गारो भत्कन्छ
ऊ सँगै पुरियो होला
मस्तिष्क, मान्छे र सपना
मेरो हाकिमले भन्दै थियो
उसको सनाखत भोलि हुन्छ रे...

४७ औं राष्ट्रिय प्रजातन्त्र दिवसको शुभ अवसरमा सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै समस्त देशवासीहरूको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।


– भरतप्रसाद कुर्मी
वी.न.पा. वडा सदस्य नं. १७

४७ औं राष्ट्रिय प्रजातन्त्र दिवसको शुभ अवसरमा सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै समस्त देशवासीहरूको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

– रामलखन प्रसाद
वी.न.पा. वडा सदस्य नं. १९

संम्पादकबाट

# आज जेसिजको मर्मलाई बुझेर काम गर्ने नेताको खाँचो छ



✍ शान्त बस्नेत

खप्तड स्वामीले भन्नुभएको थियो- "कुनै पनि कामको सफलताका लागि दुई कुराको आवश्यकता पर्दछ- पूर्व विश्वास र नियमपूर्वक अभ्यास ।" के आज हामीले गरेका कामहरूमा यस्ता महत्त्वपूर्ण चिन्तनहरूलाई आत्मसात् गरेर मनन गर्ने गरेका छौं त ? हामी आफ्नो उद्देश्यपूर्तिका लागि के कति गतिशील भएका छौं ? जीवन जन्मनु र खानुले मात्र जीवन्तता प्राप्त गर्न सक्दैन । यदि कोही यसैमा आफूलाई व्यतीत गर्छ भने ज्यूँदो मुर्दा हुन्छ ।

कवि म.वी.वि. शाहले भन्नुभएको छ "मऱ्यो ज्यूँदै त्यो जसले बिर्स्यो देशको माटो" यसैले हामीले देशको माटो मलिलो बनाउन परिवर्तनशील र गतिशील समयमा केही न केही राम्रो काम गरेर समाज र राष्ट्रलाई गतिशील बनाउनुपर्छ । व्यक्ति-व्यक्तिको असल कामले नै समाज, राष्ट्र र विश्वलाई असल बाटोतर्फ डोऱ्याएको हुन्छ । असल नागरिकले राम्रो काम गर्न कुनै न कुनै मार्ग छान्नुपर्छ र सोहीअनुसार लक्ष्यमा पुग्न अगाडि बढ्नुपर्छ ।

दार्शनिकहरू भन्ने गर्छन्- 'जन्मनुको कारण दुःख हो' तर त्यसो होइन । समाजका व्यक्तिवादी प्रवृत्तिका व्यक्तिहरू "मै खाऊँ मै लाऊँ सुख सयल वा मोज म गरूँ, म हाँसूँ मै बाँचूँ अरू सब मरून् दुर्बलहरू ।" भन्ने स्वार्थी चिन्तनले गर्दा नै आजको व्यक्ति 'हामी' भन्ने उच्च आदर्शवादी धारणा लिएर फस्टाउन सकेको छैन । आज प्रत्येक व्यक्तिको त्याग, शील, गुण एवं उच्च कर्मबाट आदर्श समाज र राष्ट्रको परिकल्पना गर्ने समय आएको छ । यो काम कुनै ईश्वरीय वरदान नभई व्यक्ति व्यक्तिको प्रयासबाट नै सम्भव हुने कुरा हो ।

आज हाम्रो समाजमा समाजसेवाको नाममा व्यक्तिको सेवा गर्ने, आफ्नो स्वार्थसिद्ध गर्न समाजसेवाको नाटक रच्ने, आफ्नो कुकृत्य लुकाउन समाजसेवालाई आफ्नो जीवनशैली बनाए झैं गर्ने छद्म भेषधारीहरू छ्याछ्याप्ती पाइन्छन् । त्यस्ता व्यक्तिहरू मुखमा राम राम बगलीमा छुरा लिएर समाजकै अहित हुने काम गर्दछन् । यसैले राष्ट्रको उत्थानको निम्ति आफ्नो चारित्रिक सुधारको जे जति खाँचो छ त्यत्तिकै समाजसेवामा समर्पित व्यक्तित्वको चरित्रलाई पनि कसी लगाएर जाँच्नुपर्ने हुन्छ ।

आज हाम्रो समाजमा समाजसेवाको नाममा थुप्रै संघ-संस्थाहरू खुलेका छन् । सामान्यतः सबै आ-आफ्नै लक्ष्य र उद्देश्यअनुसार राष्ट्रवासीको हितार्थ अग्रसर भएको पाइन्छ । यस्ता सामाजिक संस्थाहरूको सफलता भनेको संस्थाले अख्तियार गरेको नीति र त्यसमा संलग्न व्यक्तिहरूको क्रियाकलापमा नै निर्भर रहन्छ ।

यस लेखमा जेसिज आस्थाको चिन्तन र जेसिज संस्था र यसको नेतृत्व सम्बन्धमा केही कुरा उल्लेख गर्न खोजिएको छ ।

जेसिज नेतृत्वको विकास गर्ने विश्वस्तरको अन्तर्राष्ट्रिय संस्थाको रूपमा सन् १९१५ अक्टुवर १३ मा खुलेको संस्था हो। आजसम्म नेपाल लगायत ९४ वटा देशमा यसका शाखाहरू खुलेका छन्। खास गरेर १८ वर्षदेखि ४० वर्षसम्मका युवाहरू जो एउटै छातामुनि बसेर बहुमुखी व्यक्तित्वको निर्माण गर्न तम्सेका छन्। त्यस्ताहरू संसारभरि करीब सात लाखभन्दा बढी संख्यामा यस संस्थाका सदस्यका रूपमा छरिएर रहेका छन्। यसको मुख्य कार्यालय अमेरिकास्थित फ्लोरिडाको कौरल ग्याबल्समा रहेको छ। हाम्रो देश नेपालमा सन् १९६४ मा गोरखपुर जेसिजको सौजन्यमा डा. भेष बहादुर थापाको संस्थापकत्वमा जेसिज भित्रिएको हो। वि.सं. २०२१ साल आश्विन १७ गतेका दिन काठमाडौंमा एक भव्य समारोहका बीच वर्तमान श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारले प्रमुख संरक्षकत्व स्वीकार गरिबक्सेपछि प्यारा राजाको वात्सल्य एवं संरक्षण पाएर आज नेपाल जेसिजले पूर्व मेचीदेखि महाकालीसम्म आफ्ना ४७ शाखाहरूको स्थापना गरिसकेको छ।

सभ्य व्यक्तित्व र सशक्त नेतृत्वको क्षमता अभिवृद्धि गर्न कटिबद्ध रहेको अन्तर्राष्ट्रिय विश्वविद्यालयको रूपमा परिचित जेसिजलाई नबुझ्नेहरूले क्लब र उरेन्ठेउला युवा जमातको अखडा हो भन्ने प्रतिक्रिया पनि व्यक्त नगर्ने होइनन्। यो पंक्तिकार पनि सुरु सुरुमा त्यसै भन्थ्यो। तर आफू नमरी स्वर्ग देखिन्न भने झैं जेसिज प्रवेशपश्चात् यस संस्थाले व्यक्तिमा अन्तर्निहित प्रतिभालाई प्रस्फुटित गराई व्यक्तित्वको विकासका साथसाथै नेतृत्व र सामाजिक क्रियाकलाप बहन गर्नमा निकै मद्दत पुऱ्याउँदो रहेछ भन्ने कुरा यस पंक्तिकारले स्वयं अनुभव गरेको छ।

विभिन्न विषयवस्तुबारे प्रशिक्षण दिनु र आफ्नो दायित्वलाई निर्वाह गर्न सक्ने व्यक्तित्वको विकास गराउनु नै यस संस्थाको मुख्य उद्देश्य हो। जेसिजले आफूसित संलग्न हुने प्रत्येक व्यक्तिलाई समस्याहरूको पहिचान गराउँछ र समाधान गर्ने निर्णय क्षमताको विकासमा पनि मद्दत पुऱ्याउँछ। यसबाट व्यक्तिमा आफ्नो समाज र राष्ट्रप्रति केही गरौं भन्ने भावनाको प्रस्फुटन हुन्छ। म भन्ने व्यक्तिवादी भावनालाई हटाई हामी भन्ने बहुवादी भावनाको विकास हुन्छ। ज्ञानको पूर्णत्व किताबले मात्र नहुने हुँदा गर र सिकको सिद्धान्तबाट आफूभित्र लुकेर रहेको प्रतिभालाई जेसिजले प्रस्फुटन गराउँछ। यसरी एकातिरजेसिजले मानवभित्र लुकेर रहेका दुर्भावनाहरूलाई हटाई सद्भावनाको विकास गराउँछ भने व्यक्ति भित्रको प्राकृतिक सीपहरूलाई प्रयोगमा ल्याउने काम पनि गर्छ। सीपहरूलाई परिमार्जित तुल्याउँदै मानवसेवाको निम्ति उभिएको यस संस्थाले युवावर्गमा पाइने संकुचित भावनालाई हटाई उदारभावको विकास गराई आत्मविश्वास बढाउने काम गर्छ। परस्पर विचारको आदानप्रदान गरेर व्यक्तिहरूसँग भ्रातृत्व बढाउने काम पनि यस संस्थाबाट हुन्छ।

जेसिजमा सहभागी हुने प्रत्येक व्यक्तिले यस संस्थाबाट आफ्नो व्यक्तिगत विकासका साथै व्यवस्थापन सामुदायिक, अन्तर्राष्ट्रिय र व्यापारिक क्षेत्रको समेत विकास गराउँछ। व्यक्तित्वको विकास जेसिजको नैसर्गिक प्रतिष्ठा हो। प्रत्येक जेसीको वाणीमा प्राण भर्ने काम स्वयंले लिने नेतृत्व हो। जेसिज "शासन व्यक्तिको होइन, विधिको हुनुपर्छ" भनेर एकतन्त्रीय निरंकुश शासनकालमा समेत विधिको शासनको माग गर्ने संस्था हो। यसरी जेसिज हिजो पनि आँधीबेरीमा छेकवार, बाढीमा चट्टान र गर्मीमा वटवृक्षको काम गरेर मनुष्य जीवनलाई सार्थकता एवं उद्देश्य प्रदान गर्ने कार्य क्षेत्रमा जुटेको थियो। जेसिज वसुन्धराको महान् निधि मानव व्यक्तित्वमा निहित छ भनेर मानवताको सेवामा जुट्नु नै जीवनको सर्वोत्तम कार्य हो भनी कर्मक्षेत्रमा अग्रसर भएको थियो। यसैले जेसिज-आस्थामा व्यक्त भएका अमर विचारहरू हिमाली, पहाडी र तराई क्षेत्रमा स्वच्छ

पवनवेगमा बनेर फुल्न र फल्न सक्छन् । असल नेतृत्वको विकासले आजभोलि देखा परेका सत्ता र शक्तिको लोभी राजनीतिलाई परिवर्तन गर्न सक्छ ।

जेसिजको महत्त्वपूर्ण पक्ष प्रजातान्त्रिक शासनको ज्वलन्त नमूनाको रूपमा नेतृत्व लिंदा र नेतृत्वलाई सुम्पँदा अपनाइने जिम्मेवारीपन हो । प्रत्येक जेसी, जेसीयटहरू जे जसरी नेतृत्व लिन्छन् आफ्नो एकवर्षे कार्यकालमा आफ्नो कर्तव्य पूरा गरेर आफूपछिको पुस्तालाई नेतृत्व लिन सक्षम बनाई आत्मीयताका साथ नेतृत्व सुम्पन्छन् पनि । यस्ता कुराहरू आजको प्रजातान्त्रिक राजनीतिको संस्कार बन्नुपर्ने हो तर व्यवहारमा भने पाइएको छैन । यसैले संसदीय सिद्धान्तलाई आत्मसात् गरी प्रजातान्त्रिक परिपाटीअनुसार आ-आफ्ना क्षेत्रमा कार्यरत जेसिजका दक्ष व्यक्तित्व र नेतृत्वले प्रजातन्त्रमा कसरी शासन गर्नुपर्छ ? सत्ता सुख र सुविधाको निम्ति होइन, कुनै पनि काम राष्ट्रको हितार्थ हुनुपर्छ भन्ने कुराको बोध गराउन देश हाँक्ने मन्त्रिमण्डल र जनताका प्रतिनिधिहरूलाई आवश्यकतानुसार जेसिज-शिक्षा दिएर सेमिनार र तालिम नै संचालन गरेमा देशको राजनीतिले राम्रो संस्कार पाउने थियो कि ?

## यस अंकबाट बन्नुहुने विशिष्ट सदस्य र आजीवन सदस्यहरूको नामावली:

### विशिष्ट सदस्यः-

१. जयराम बराल
२. डी.बी. सुब्बा
३. मुकुन्द बहादुर क्षेत्री
४. स्व. हरिहर राउत
५. जगरनाथ सर्राफ
६. चन्द्रिका राउत कुर्मी

### आजीवन सदस्यः-

१. ध्रुवचन्द्र गौतम
२. रमेश गोर्खाली
३. सेनानी नारायणराज पाण्डे
४. सुरेश प्रकाश आचार्य
५. गणेशकुमार श्रेष्ठ
६. सुश्री सन्ध्या स्याङबो
७. नवराज रिजाल
८. रामचन्द्र दहाल
९. सुरेश प्रधान
१०. ज्ञानबहादुर बस्नेत
११. रामबहादुर थापा
१२. निरज उपाध्याय
१३. विकास शर्मा
१४. गोविन्द प्रसाद सुवेदी
१५. सुदर्शनराज पाण्डे
१६. दीवाकर शम्शेर जबरा
१७. दीपक राने
१८. अशोक टेलर्स
१९. शिवकुमार अग्रवाल
२०. रामप्रसाद अधिकारी
२१. होम बहादुर क्षेत्री
२२. विजय कुमार सिंह
२३. शिवराज पाठक
२४. सुश्री लक्ष्मी शाक्य
२५. शैयद समिम
२६. कृष्णकुमार नेपाल
२७. गंगाराम गेलाल
२८. बिहारीलाल लाठ
२९. ज्ञानज्योति आवासीय मा.वि.
३०. रूपेश प्रधान
३१. टीकादत्त भट्ट
३२. राजु शर्मा
३३. पुण्य बराल